संयुक्त राष्ट्रसंघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

काठमाडौं

# सूचनाको हक

## सहजकर्ताका लागि सहयोगी पुस्तक

परियोजना सहयोग
युरोपियन युनियन

# सूचनाको हक

## सहजकर्ताका लागि सहयोगी पुस्तक

**सूचनाको हक : सहजकर्ताको लागि सहयोगी पुस्तक**

**प्रकाशक** : संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) काठमाडौं कार्यालय

**लेखक** : टङ्कराज अर्याल

**समीक्षक** : बबिता बस्नेत

**संयोजन** : जेबी विश्वकर्मा, कार्यक्रम संयोजक–नागरिक सशक्तिकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजना

**सर्वाधिकार** : ©युनेस्को, सन् २०१४

यो हाते पुस्तक सबैको पहुँच (ओपन–एक्ससेस)मा उपलब्ध छ। आधिकारिक स्रोतका आधार (जस्तो: सूचनाको हक : सहजकर्ताको लागि सहयोगी पुस्तक/© युनेस्को)मा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ। स्रोत उल्लेख गर्दा वा पुस्तकमा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ।

**कृतज्ञता** :

नागरिक सशक्तिकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजनाअन्तर्गत प्रकाशित यस हाते पुस्तकको विषयवस्तु र रूपरेखा तयार पार्न सहयोग गर्नुहुने लक्ष्मणदत्त पन्त, व्यवस्थापनमा सहयोग गर्नुहुने उषा खड्का–गिरी र भाषा सम्पादनमा सहयोग गर्नुहुने सरोज विष्टप्रति युनेस्को काठमाडौं कार्यालय हार्दिक आभार व्यक्त गर्दछ। परियोजनालाई आर्थिक सहयोग गर्ने युरोपियन युनियन, परियोजना साझेदारहरू सूचनाको हकका लागि नागरिक अभियान र नेपाल पत्रकार महासंघलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछ।

**आइएसबीएन** : ९७८–९९३७–८४४६–७–३ ISBN: 978-9937-8446-7-3

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भू–भाग, शहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भू–भाग तथा क्षेत्रसँग सम्बन्धित कानुनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को को आधिकारिक विचार होइनन्। यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखक/अनुसन्धाताका विचार हुन्। यो हाते पुस्तकका लेखक युनेस्कोका आधिकारिक प्रतिनिधि नभएका कारण उनका विचारप्रति यो संस्था र परियोजना सहयोगी संस्था युरोपियन युनियन जवाफदेही छैन।

# प्राक्कथन

नेपाल सरकारले सुशासन र पादर्शीताको अपेक्षासहित सूचनाको हकसम्बन्धी ऐन–२०६४ जारी गरेको छ वर्ष भएको छ । राज्यका कामकारबाही खुला र पारदर्शी बनाइ राज्यलाई नागरिकप्रति जवाफदेही बनाउन र नागरिकलाई सूचनामाथि सहजरूपमा पहुँच स्थापित गराउनका लागि सूचनाको हकसम्बन्धी कानुन निकै महत्त्वपूर्ण हुन्छ । सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यानवयनका लागि नेपाल सरकारले वि.सं. २०६५ मा स्वतन्त्र निकायका रूपमा राष्ट्रिय सूचना आयोगको गठन गरेको छ । नेपालमा कानुनीरूपमा सूचनाको हकको  प्रत्याभुति गरिएको भए तापनि ऐन कार्यान्वयनमा भने निकै जटिलताहरू कायमै छन् ।

लोकतन्त्रको प्रबर्द्धन, सुशासन र पारदर्शिताका लागि सूचनाको हक अत्यन्तै महत्त्वपूर्ण औजार हो । तर नेपालका अधिकांश नागरिकको सूचनामा सहज पहुँच पुग्न सकेको छैन भने सार्वजनिक निकायहरू पनि नागरिकलाई सूचना सहजरूपमा दिन तत्पर देखिदैनन् । त्यसकारण नागरिकलाई सूचनाको हकको दाबी गर्नका लागि सशक्तिकरण र प्रात्साहन गर्न अति आवश्यक देखिन्छ । नागरिकहरूको सूचनामा सहज पहुँच पुऱ्याएर उनीहरूको सशक्तिकरणका लागि काठमाडौंस्थित युनेस्को कार्यालयले **सूचनाको हकका लागि नागरिक अभियान** र **नेपाल पत्रकार महासंघ**सँगको सहकार्यमा 'नागरिक सशक्तिकरण र सार्वजनिक निकायको जवाफदेहीताका लागि सूचनाको हक परियोजना' सञ्चालन गरिरहेको छ। यस परियोजनामार्फत विशेष गरी स्थानीय सहजकर्ता (शिक्षक, वकिल, समाजिक कार्यकर्ता आदि)मार्फत नागरिकलाई सशक्तिकरण गर्ने र सार्वजनिक निकायलाई नागरिकको सूचनाको हकप्रति उत्तरदायी र जवाफदेही बनाउन वकालत गर्ने काम सुरू गरेको छ । सूचनाको हकका लागि स्थानीय तहमा क्रियाशील हुने सहजकर्ताको क्षमता अभिवृद्धिका साथै नागरिकमा सूचनाको हकबारे जनचेताना जगाउने महत्त्वपूर्ण माध्यमका रूपमा युनेस्को काठमाडौं कार्यालयले यो हाते पुस्तक प्रकाशित गरेको हो ।

यो हाते पुस्तकमा विशेषगरी नागरिकको सूचनाको हकसम्बन्धी सैद्धान्तिक र व्यवहारिक पक्षलाई समावेश गरिएको छ । सूचनाको हकबारे नागरिकलाई सहज रूपमा बुझ्न सघाउने यस हाते पुस्तकमा सूचना लिने विधि र प्रक्रिया तथा सार्वजनिक निकायको दायित्वबारे पनि बिस्तृत जानकारी समावेश गरिएको छ। यसले सूचनाको हकका लागि क्रियाशील सहजकर्ता र सामान्य नागरिकको ज्ञानको दायरा फराकिलो बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

नागरिक सशक्तिकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजनाअन्तर्गत प्रकाशित यो हाते पुस्तक प्रकाशनका लागि सहयोग पुऱ्याएकोमा परियोजना साझेदार संस्थाहरू सूचनाको हकका लागि नागरिक अभियान र नेपाल पत्रकार महासंघलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी परियोजनालाई आर्थिक सहयोग गर्ने युरोपियन युनियनप्रति आभार व्यक्त गर्दछु ।

**एक्सल प्लाथे**
कार्यालय प्रमुख तथा नेपालका लागि युनेस्को प्रतिनिधि

# विषय सूची

## भाग : एक
### सूचनाको हकबारे आधारभूत जानकारी


१. परिचय
२. सूचनाको हकको विकास
३. सूचनाको हकको प्रकृति
४. सूचनाको हकको महत्त्व
    ४.१. प्रशासनिक पारदर्शिता र जवाफदेहिता
    ४.२. भ्रष्टाचार निवारण
    ४.३. सामाजिक समावेशीता
    ४.४. लैङ्गीक न्यायको प्रर्वद्धन
    ४.५. नागरिकको सशक्तिकरण
    ४.६. उपभोक्ता अधिकार


## भाग : दुई
### नेपालमा सूचनाको हक


१. नेपालमा सूचनाको हकको सुरूआत
२. सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था
३. सूचनाको हकसम्बन्धी विशेष कानुन
४. सूचनाको हकसम्बन्धी ऐन २०६४ को उद्देश्य र विशेषता
५. ऐनमा भएका सूचनाको हकसम्बन्धी मुख्य व्यवस्थाहरू
    ५.१. प्रत्येक नागरिकलाई समान रूपमा सूचनाको हक
    ५.२. सार्वजनिक निकायको परिभाषा
    ५.३. सूचना अधिकारी
    ५.४. सूचनाको हक आकर्षित नहुने क्षेत्रहरू (सूचनाको हकको अपवाद)
    ५.५. सूचनादाताको संरक्षण
    ५.६. सूचनाको वर्गीकरण
    ५.७. सूचनाबापत लाग्ने दस्तुर
    ५.८. सूचनाको सक्रिय सार्वजनिकीकरण
    ५.९. सार्वजनिक निकायले सूचना उपलब्ध नगराए हुने कारबाही
    ५.१०. सूचना प्राप्त नहुँदा भएको हानी नोक्सानीउपर क्षतिपूर्ति

## भाग : तीन
### सूचना माग र प्राप्त गर्ने कार्यविधि

१. सूचना अधिकारीलाई निवेदन
२. कार्यालय प्रमुखसमक्ष दिइने उजुरी
३. राष्ट्रिय सूचना आयोगमा दिइने उजुरी तथा पुनरावेदन
४. राष्ट्रिय सूचना आयोग
    ४.१. आयोगको संरचना र नियुक्ति
    ४.२. आयोगका काम, कर्तव्य र अधिकार

## भाग : चार
### स्थानीय तहमा सूचनाको हक : प्रयोगका क्षेत्र र सम्भावना

१. बजेट तथा विकास निर्माणका कामको निगरानी
२. सञ्चालनमा रहेका कार्यक्रमको निगरानी
३. सेवा प्रवाह प्रक्रियाबारे जानकारी
४. सेवा प्रदायक सार्वजनिक निकायको क्षमता अभिवृद्धि

## भाग : पाँच
### सूचनाको हकबारे ज्ञान अभिवृद्धि गर्ने उपाय

१. जनचेतना अभिवृद्धि
२. सहजकर्ता समूह निर्माण

## भाग : छ
### सूचनाको हकको प्रयोगमा सहजकर्ताका चुनौती र समाधानका उपाय

## भाग : सात
### बारम्बार सोधिने प्रश्नहरू

# अनुसूचीहरू

१. सूचना माग गर्ने निवेदन ढाँचा
२. सूचना नदिएमा गर्नुपर्ने उजुरीको ढाँचा
३. सूचनाको हकसम्बन्धी ऐन–२०६४
४. सूचनाको हकसम्बन्धी नियमावली–२०६५
५. सूचनाको हकसम्बन्धी संशोधित नियमावली–२०७०

# सन्दर्भसामग्री

# भाग : एक

# सूचनाको हकको आधारभूत जानकारी

# सूचनाको हकको आधारभूत जानकारी

## १. परिचय

सूचनाको हकलाई लोकतन्त्रको अनिवार्य शर्तको रूपमा लिने गरिन्छ। त्यसैले गर्दा सूचनाको हक सबैको चासो र सरोकारको विषय बनेको हो। नागरिकलाई राज्य सञ्चालनको प्रक्रियामा सहभागी गराउन उनीहरूलाई सो प्रक्रियाबारे जानकारी हुन जरुरी हुन्छ । यसका लागि नागरिकलाई राज्यले आवश्यक मात्रामा सूचना र जानकारी दिनु आवश्यक हुन्छ । राज्य तथा सार्वजनिक निकायबाट आफ्नो तथा सार्वजनिक सरोकारको विषयमा प्रश्न सोध्ने वा जानकारी पाउने अधिकारले व्यक्तिलाई सार्वभौम भएको अनुभूति गराउँछ । त्यसैले सूचनाको हक कुनै पनि व्यक्तिको लागि महत्त्वपूर्ण अधिकारको रूपमा रहन्छ ।

सूचनाको हकको प्रयोगका दृष्टिले सूचना, जानकारी, तथ्याङ्क, लिखतको प्रतिलिपि आदि महत्त्वपूर्ण विषय हुन्। यस सन्दर्भमा सूचना भनेको कुनै तथ्य, तथ्याङ्क, घटना, प्रक्रिया र अवस्थाको यर्थाथ विवरण हो । सूचना एक किसिमको जानकारी हो, जसको आधारमा मानिसले कुनै विषयबारे साक्षात्कार हुने अवसर पाउँछ। यस्ता सूचना विभिन्न प्रकारका र स्वरूपमा रहेका हुन सक्छन्।

सबै सार्वजनिक निकायमा रहेका सूचना कुनै पनि नेपाली नागरिकले माग गर्ने र प्राप्त गर्ने अधिकार नै सूचनाको अधिकार हो। सामान्यतः सार्वजनिक निकायका कामकाजबारे नागरिकले जान्न पाउने अधिकारलाई सूचनाको हकभित्र समावेश गरिएको छ । सूचनाको हकलाई प्रयोग गरेर कुनै पनि देशको शासनव्यवस्था तथा कामकारबाही प्रजातान्त्रिक मूल्य, मान्यता र विधिमा आधारित भए/नभएको मापन गर्न सकिन्छ ।

सरकारका सबै कामकारबाही जनताप्रति उत्तरदायी हुनुपर्छ। सरकारी कामको प्रक्रिया र व्यवहार पारदर्शी तथा जवाफदेही हुनुपर्छ भन्ने मूल मर्म सूचनाको हकले बोकेको छ। जनताको करबाट सञ्चालन हुने सरकारले जनताले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्नेबारे जनतालाई उचित जानकरी दिनुपर्छ। सूचनाको हकले सरकार तथा सार्वजनिक निकायलाई जनताप्रति जिम्मेवार र जवाफदेही बनाउने काम गर्दछ । त्यसैले सूचनाको हकलाई पारदर्शीता र जवाफदेही राज्य स्थापना गर्ने सशक्त औजारको रूपमा लिने गरिन्छ ।


## २. सूचनाको हकको विकास

सूचनाको हक तथा अधिकारबारे नागरिक तहमा लगभग २ सय ४८ वर्षदेखि छलफल र बहस सुरू भएको पाइन्छ । सन् १७६६ मा सबैभन्दा पहिले स्वीडेनले सूचनाको हकलाई कानुनीरूपमा स्वीकार गरेको थियो । सूचनाको हकलाई प्रष्टरूपमा कानुनमा व्यवस्था गर्ने दोस्रो राष्ट्र फीनल्याण्ड हो । सन् १९५१ मा फीनल्याण्डले सूचनाको हकसम्बन्धी कानुन पारित गरिएको थियो । सन् १९९० सम्म आइपुग्दा संसारका १४ ओटा देशमा सूचनाको हकसम्बन्धी छुट्टै कानुन पारित गरिएको थियो। त्यसैगरी सन् १९९० पछि विश्वमा आएको राजनीतिक परिवर्तनसँगै सूचनाको हकलाई कानुनी संरक्षण गर्ने प्रक्रिया तीब्ररूपमा बढ्दै गएको पाइन्छ । सूचनाको हकको व्यवस्थाको लागि कोलम्वीयाले सन् १८८५ मा स्थानियक स्तरमा लागुहुने गरी सूचनाको हकको व्यवस्था गरेको थियो तर राष्ट्रिय स्तरमा भने कानुन बन्न सकेन ।

सन् २०१४ को सुरूआत सम्ममा विश्वका लगभग ६० देशले सूचनाको हकलाई संविधानमै मौलिक हकको रूपमा समावेश गरेका छन् भने लगभग १०० देशले सूचनाको हक कार्यान्वनको लागि छुट्टै कानुनको व्यवस्था गरेका छन् ।

**तालिका : एक**

**(सूचनाको हकको विकासक्रम)**




**तालिका : दुई**

**सूचनाको हकसम्बन्धी कानुन लागू गर्ने देशहरू**

| क्र.सं. | सूचनाको हकसम्बन्धी कानुन लागू गर्ने केही मुलुकहरू | साल |
|---|---|---|
| १ | स्वीडेन | सन् १७६६ |
| २ | फिनल्याण्ड | सन् १९५१ |
| ३ | संयुक्त राज्य अमेरिका | सन् १९६६ |
| ४ | अष्ट्रेलिया, क्यानाडा, र न्युजिल्याण्ड | सन् १९८२ |
| ५ | थाइल्यान्ड | सन् १९९७ |
| ६ | पाकिस्तान, पेरु | सन् २००२ |
| ७ | भारत, बेलायत | सन् २००५ |
| ८ | चीन | सन् २००८ |
| ९ | बंगलादेश | सन् २००९ |
| १० | लाइबेरिया, इन्डोनेशिया | सन् २०१० |
| ११ | ब्राजिल | सन् २०१२ |
| १२ | माल्दिभ्स | सन् २०१३ |

संवैधानिक र कानुनीरूपमा अङ्गीकार गर्ने थुप्रै प्रयास भएका छन्। सूचनाको हक कार्यान्वयनको सन्दर्भमा दक्षिण एशिया सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ। तालिका ३ मा दक्षिण एशियामा सूचनाको हकको संवैधानिक तथा कानुनी संरक्षणको अवस्थाबारे उल्लेख गरिएको छ।

**तालिका : तीन**

| क्र.सं. | देश | संविधानमा व्यवस्था | छुट्टै कानुन | साल |
|---|---|---|---|---|
| १ | नेपाल | धारा २७ | छ | सन् २००७ |
| २ | पाकिस्तान | धारा १९ | छ | सन् २००२ |
| ३ | भारत | अभिव्यक्ति स्वतन्त्रताको रूपमा मात्र व्याख्या | छ | सन् २००५ |
| ४ | बंगलादेश | अभिव्यक्ति स्वतन्त्रताको रूपमा मात्र व्याख्या | छ | सन् २००९ |
| ५ | माल्दिभ्स | धारा २९ | छ | सन् २०१३ |
| ६ | अफगानिस्तान | धारा ५० | छैन | |
| ७ | भुटान | धारा ७ | छ | सन् २०१४ |
| ८ | श्रीलंका | अभिव्यक्ति स्वतन्त्रताको रूपमा मात्र व्याख्या | छैन | |

सूचनाको हकको इतिहास लामै भए पनि सन् १९९० बाट मात्रै यसबारे तीव्र गतिमा छलफल र बहस सुरू भएको पाइन्छ। सूचनाको हकलाई संविधान र कानुनी संरक्षण गर्न नसकेका देशहरूमा पनि यस विषयले प्रवेश पाएको छ। विश्वभर भइरहेका सूचनाको हकसम्बन्धी अभियानका कारण पनि ती देशहरूले छिट्टै यो कानुन पारित गर्ने र कार्यान्वयनमा ल्याउने अनुमान गर्न सकिन्छ।

## ३. सूचनाको हकको प्रकृति

सूचनाको हकलाई विश्वभरि नै आधारभूत मानवअधिकारको रूपमा स्वीकार गरिएको छ। कतिपय देशले संविधानमै सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेका छन्। यसरी मौलिक अधिकारकै रूपमा सूचनाको हकलाई संविधान र कानुनमा व्यवस्था गर्नुले पनि संसारभरि नै यसको आवश्यकता र महत्त्व निकै छ भन्ने देखाउँछ।

### सूचनाको हकको प्रत्याभुतिका दस्तावेजहरु

- संयुक्त राष्ट्रसंघको प्रतिज्ञापत्र–५९ (I) सन् १९४६
- मानवअधिकारको विश्वव्यापी घोषणापत्र–१९४८, धारा १९
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध–१९६६, धारा १९
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महसन्धी–२००६, धारा २१
- बाल अधिकारसम्बन्धी महासन्धी–१९८९, धारा १७
- महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धी–१९७९, धारा १० र १६
- मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली महासन्धी–१९५०, धारा १०
- मानवअधिकारसम्बन्धी अन्तरअमेरिकी महासन्धी–१९६९, धारा १३
- मानवअधिकारसम्बन्धी अफ्रिकी वडापत्र–१९८१, धारा ९

सूचनाको अधिकारलाई मानवको सम्मानित जीवनयापनका लागि अनिवार्य आवश्यकताको रूपमा लिइन्छ । त्यसैले सूचनाको हकलाई विश्वव्यापी मानवअधिकारसम्बन्धी दस्तावेजहरूले पनि यसको संरक्षणको व्यवस्था गरेका छन् । नेपालमा सूचनाको हकलाई संविधानमै मौलिक अधिकारको रूपमा व्यवस्था गरिएको छ । सूचनाको हकले अन्य अधिकारको उपयोगमा समेत योगदान पुऱ्याउने भएकोले यस हकको प्रभावकारी संरक्षण हुनु आवश्यक छ ।

संसारका कतिपय देशमा भने सूचनाको हकलाई संविधानमा मौलिक अधिकारको रूपमा स्वीकार गरिएको छैन । यद्यपि, ती देशहरूमा कानुन निमार्ण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । नेपालका छिमेकी मुलुक भारत र बंगलादेशको संविधानले सूचनाको हकलाई स्पष्ट रुपमा मौलिक हकको रूपमा व्यवस्था गरेका छैनन् । तर, दुवै देशले नागरिकको सूचनाको अधिकारको प्रत्याभूति गराउनका लागि छुट्टै कानुनको निर्माण गरी कार्यान्वयन गरिरहेका छन् । ती देशहरूमा सूचनाको हक कानुनी अधिकारका रूपमा मात्रै रहेका छन् ।

**नेपालको अन्तरिम संविधान २०६३ सूचनाको हक**

अन्तर्राष्ट्रिय दस्तावेजहरूमा सूचनाको हकलाई अभिव्यक्ति स्वतन्त्रताको एउटा महत्त्वपूर्ण हिस्साको रूपमा लिएको पाइन्छ । कुनै कुरा बोल्न वा अभिव्यक्त गर्न तथा विचार निमार्ण गर्नका लागि तथ्य र प्रमाणहरू आवश्यक हुन्छन् । यसका लागि नागरिकको सूचनामाथि सहज पहुँच हुनुपर्छ । नागरिकले सहजरूपमा सूचना पाउने हकलाई अभिव्यक्ति स्वतन्त्रताको एउटा महत्त्वपूर्ण पाटोको रूपमा लिईंदै आएको छ ।

सूचनाको हकको विकास तथा प्रयोगको क्रमसँगै यो केवल अभिव्यक्ति स्वतन्त्रताको हिस्साको रूपमा मात्र सीमित रहेको छैन । बरू राज्यलाई पारदर्शिता र जवाफदेही बनाउने एउटा महत्त्वपूर्ण औजारको रूपमा स्थापित भएको छ । सूचनामा नागरिकको पहुँच बढाउने तथा राज्यका काम कारबाही पारदर्शी र जवाफदेही बनाउने उद्देश्यसहित नेपालमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ कार्यान्वयनमा आएको हो । यस ऐनले नागरिकको अभिव्यक्ति स्वतन्त्रताका साथसाथै सुशासनको लागि समेत प्रभावकारी भूमिका खेल्न सक्छ ।

अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा सुरू भएको सूचनाको हक अहिले राज्यलाई पारदर्शिता र जवाफदेहीता बनाइ सुशासन स्थापना गर्ने महत्त्वपूर्ण साधनको रूपमा पनि स्थापित भइसकेको छ । नेपालमा राज्यको पारदर्शिता र जवाफदेहीतालाई बढाइ सुशासन स्थापित गराउने सन्दर्भमा सूचनाको हकको प्रभावकारी कार्यान्वयन अत्यन्तै महत्त्वपूर्ण छ ।

## ४. सूचनाको हकका महत्त्व

सूचनाको हक विश्वमा अभिव्यक्ति स्वतन्त्रताका साथै सुशासन स्थापित गर्ने एउटा महत्त्वपूर्ण औजारको रूपमा स्थापित भइसकेको छ । नागरिकलाई आफ्नो अधिकारबारे सशक्तिकरण गर्ने र राज्यलाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाउन सूचनाको हकको विशेष महत्त्व छ । यद्यपि,


नागरिकले यसको सशक्त प्रयोग नगर्दासम्म ऐन वा कानुन क्रियाशील हुँदैन। त्यसकारण नागरिक सूचनाको हक प्रयोगका लागि जागरूक हुनैपर्छ । सूचनाको हकलाई नागरिकले भिन्ना-भिन्नै अवस्थामा फरक-फरक किसिमले उपयोग गर्न सक्छन्। कुनै नागरिकले आफ्नो व्यक्तिगत चासोको सूचना पाउनका लागि सूचनाको हक प्रयोग गर्न सक्छ भने राज्यको सुशासन कायम गर्न, राज्यका निकायहरूलाई पारदर्शी बनाउन र प्रजातान्त्रिक मूल्य मान्यतालाई प्रभावकारी कार्यान्वयन गराउनका लागि पनि सूचनाको हकको उपयोग गर्न सक्छ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट दीगो विकास, पारदर्शी कर्मचारीतन्त्र, उत्तरदायी जनप्रतिनिधि, खुल्ला समाज र समग्रमा शासनव्यवस्था सुदृढ गराउन सकिन्छ। सूचनाको हकको प्रयोगले व्यक्तिगत र सार्वजनिक हकहरूको समेत संरक्षण र संबर्द्धनमा मद्दत गर्छ। त्यसकारण जुनसुकै पेशा व्यवसायमा आबद्ध भए पनि सबै नागरिकको व्यवहारिक जीवनमा यसको निकै महत्त्व छ। समाजका हरेक वर्ग, समुदाय र क्षेत्रसँग सम्बन्धित व्यक्तिलाई सूचनाको हकले कुनै न कुनै हिसाबले फाइदा पुऱ्याइरहेको हुन्छ। व्यक्तिगतरूपमा मागेको सूचनाबाट व्यक्तिगत फाइदा मात्रै नभएर आफू सरह अन्य व्यक्ति, साथी र समाजलाई समेत फाइदा पुऱ्याइरहेको हुन्छ। यसरी सूचनाको हकको प्रयोगले सार्वजनिक हक–अधिकार स्थापित गर्नसमेत महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ।

सार्वजनिक निकायलाई खुल्ला, पारदर्शी र जनताप्रति जवाफदेही बनाउन सूचनाको हकको प्रयोग गर्न सकिन्छ । ती निकायमा रहेको महत्त्वपूर्ण तथा जानकारीमा नआएका सूचना माग गरी सार्वजनिक हितको लागि प्रयोग गर्दा समाज नै लाभान्वित हुनसक्छ। यसकारण नागरिक तथा समाजमा सूचनाको हकको महत्त्व व्यापक मात्रामा छ।

सूचनाको हकको एउटा महत्त्वपूर्ण व्यवहारिक पक्ष भनेको यसले नागरिकलाई शासन प्रक्रियामा सहभागी गराउँछ। सार्वजनिक निकायमा हुने भष्ट्राचार र अनियमितताजस्ता गलत क्रियाकलापलाई रोक्न सूचनाको हकले सहयोग पुऱ्याउँछ। त्यसैगरी खुल्ला समाज तथा पारदर्शी शासन प्रणालीको विकास गर्न पनि प्रभावकारी भूमिका निर्वाह गर्दछ। सूचनाको हकको प्रयोगले एकातिर कुनै पनि सार्वजनिक निकायमा रहेका सूचना माग गरी नागरिकलाई सुसूचित गराउँछ भने अर्कोतिर, समाज र देशलाई खुल्ला, पारदर्शी बनाइ सुशासनको प्रबर्द्धन गर्न मद्दत गर्दछ। त्यसैले सूचनाको हकलाई नागरिक सशक्तिकरण तथा सुशासनको आधार स्तम्भ मानिन्छ।

सूचनाको हकले प्रत्येक नागरिकलाई सरकार तथा सार्वजनिक निकायबाट भएका काम कारबाहीप्रति जिज्ञासा राख्ने, प्रश्न सोध्ने तथा सोधिएको वा खोजिएको सवालको जवाफ प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। राष्ट्रिय एवं स्थानीय सबै तहमा नागरिकले यस अधिकारको प्रयोग गर्न पाउने भएका कारण यसको महत्त्व सर्वोपरी हुन पुगेको हो । सूचनाको हकको महत्त्वका विभिन्न क्षेत्रबारे तल चर्चा गरिएको छ :



## ४.१. प्रशासनिक पारदर्शिता र जवाफदेहीताको सुनिश्चिता

नेपालका सरकारी कार्यलयहरूमा खुल्ला प्रशासनिक व्यवहार देखन पाईंदैन । सूचनाको हकले सार्वजनिक निकायलाई निश्चित प्रकारका सूचना नागरिकको जानकारीका लागि नियमितरूपमा प्रकाशन गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । सार्वजनिक निकायको बजेट, योजना, कार्य सम्पादन प्रक्रिया आदिबारे नागरिकलाई जानकारी गराउनै पर्ने कानुनी व्यवस्थाले पारदर्शितालाई प्रर्बद्धन गर्दछ । पारदर्शी प्रशासन व्यवस्था भएको ठाउँमा नागरिकले सहजै आफूलाई लागेको प्रश्न सोधन पाउने भएका कारण यसले राज्यको जवाफदेहीता बढाउँछ । यसर्थ सूचनाको हक प्रशासनिक पार दर्शिता र जवाफदेहीता सुनिश्चिताका लागि एउटा महत्त्वपूर्ण औजार हो ।

नेपालका सार्वजनिक निकायमा व्याप्त भ्रष्टाचारविरूद्ध संघर्षशील अभियन्ता शारदा भुषाल (झा)ले महोत्तरी जिल्लामा सडक निर्माणका क्रममा विभिन्न समयमा भएका अनियमिततालाई सूचनाको हकको प्रयोग गरेर बाहिर ल्याउनुभयो । त्यसपछि भ्रष्टाचारमा संलग्न दोषीउपर कानुनबमोजिमको कारबाहीको माग गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दिनुभयो । परिणामस्वरूप अख्तियारले उक्त भ्रटाचारमा संलग्नहरू विरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

## ४.२. भ्रष्टाचार निवारण

सुशसान आजको विश्वव्यापी आवश्यकता हो । यद्यपि, प्रशासनिक काममा ढिलासुस्ती हुने, सेवाको लागि अनावश्यक झन्झट व्यहोर्नु पर्ने अवस्था कायमै छ । सार्वजनिक निकायका कर्मचारीले व्यक्तिगत लाभका लागि आफ्नो जिम्मेवारीको काम नगर्ने र सोही कामको लागि घुस माग्ने परिपाटीबाट प्रशासनिक संयन्त्र ग्रसित छ । ।




सूचनाको हकले सार्वजनिक निकायमा हुने कामकारबाहीबारे सेवाग्राहीले प्रश्न सोध्ने अधिकार सुनिश्चित गरेको छ । कुनै सार्वजनिक निकायले दिनुपर्ने सेवा ढिला गरिरहे को छ भने किन ढिला भइरहेको छ, प्रक्रिया कहाँ पुगेको छ, कहिले निर्णय हुन्छ आदि प्रश्न सेवा प्रदायकलाई सोध्ने अधिकार सूचनाको हकले प्रदान गरेको छ। यसका साथै सूचनाको हकको प्रयोग गरेर सार्वजनिक निकायको बजेट, कार्यक्रम र खर्च विवरण आदि सूचना नागरिकले माग गर्न सक्छन् । यस्ता निकायले नागरिकबाट माग गरेअनुसार सूचना दिनै पर्ने व्यवस्थाको सूचनाको हकले गर्दछ । सबै हिसाबकिताब नागरिकले मागेको अवस्थामा देखाउनु पर्ने भएका कारण यसले भ्रष्टाचार न्यूनीकरणलाई सहयोग पुऱ्याउँछ ।

भारतमा त्यहाँको प्रशासनिक सेवाको अवस्थालाई ध्यानमा राखी केहि गैरसरकारी संस्थाहरुले 'कि सूचनाको अधिकार प्रयोग गर कि त घुस देऊ' भन्ने नारासहित विभिन्न अभियान सञ्चालन गरिरहेका छन्। यसले भारतलगायतका देशहरूले नागरिकलाई सूचनाको हक प्रयोग गर्न प्रेरित गरिरहेका छन् भने यसले भ्रष्टाचार न्यूनीकरणमा पनि सहयोग गरिरहेको छ। त्यसकारण विश्वव्यापीरूपमै सूचनाको हकलाई भ्रष्टाचार न्यूनीकरणको सशक्त औजारको रूपमा समेत लिइन्छ।

## ४.३. सामाजिक समावेशीकरण

नेपालको राज्यसत्ता, राज्यसंयन्त्र, नीति–निर्माण गर्ने र कार्यान्वयन गर्ने सबै निकायमा केही निश्चित वर्ग वा समुदाको मात्रै सहभागिता वा पहुँच छ। समाजका बहुसंख्यक समुदाय नेपालको शासन प्रक्रियामा सहभागी हुनबाट बञ्चित छन्। राज्यको नीति–निर्माण प्रक्रियामा उनीहरूको सहभागिता कमजोर हुनुका धेरै कारणमध्ये सूचनाको अभाव पनि एउटा महत्त्वपूर्ण कारण हो। नेपालका दलित, आदिवासी जनजाति, मुस्लिमलगायत बहुसंख्यक समूह जातीय आधारमा राज्यसंयन्त्रको मूलप्रवाहबाट बहिस्करणमा पारिएका छन् भने केन्द्रीकृत राज्यका कारण क्षेत्रीयरूपमा तराई, कर्णाली र सुदूरपश्चिमलगायतका समुदाय बहिस्करणमा पारिएका छन्।

राज्यका सूचना उनीहरूसम्म सहजरूपमा पुग्न सकेको छैन भने उनीहरूको सूचनामाथि पहुँच नै स्थापित हुन सकेको छैन। सूचनाको हकले राज्यसंयन्त्रमा रहेका सूचनामाथि बिना भेदभाव सबै वर्ग, जाति, भाषा, क्षेत्र र समुदायमा सहज पहुँच हुने व्यवस्था गरेको छ। सूचनाको उपलब्धताले उनीहरूलाई राज्यसंयन्त्रको प्रक्रियामा सहभागी हुनका लागि अवसर तथा प्रोत्साहन प्रदान गर्दछ। यसर्थ सूचनाको हक सामाजिक समावेशिताको लागि एक महत्त्वपूर्ण औजारको रूपमा रहेको छ।

> पर्सा जिल्लाका केही जागरूक युवाहरूले जिल्ला सहकारी संस्थामार्फत किसानलाई वितरण गरिएको युरिया मलको वितरण माग गरेका थिए। यसरी माग भएअनुसार प्राप्त सूचनाका आधारमा मल वितरणमा अनियमित भएको पाइयो भने मल वितरक सहकारीको नवीकरण समेत नभएको तथ्य फेला पऱ्यो। फलस्वरूप नवीकरण नगरेसम्म ती सहकारीलाई सम्बन्धित निकायले मल उपलब्ध नगराउने निर्णय गरेका थियो।

जब नागरिकलाई प्रश्न सोध्न सक्ने बनाइन्छ र अधिकार प्रदान गरिन्छ, त्यसपछि मात्रै उसले आफ्नो अधिकार, विभेद वा बञ्चित हुनुपर्नाका कारणबारे खोजी गर्न सक्छ। अधिकारबारे आधारभूत सूचना नै पाउन सकेन भने राज्य सञ्चालनको प्रक्रियामा उनीहरू समावेश नै हुन सक्दैनन्। त्यसैले बहिस्करणमा पारिएका समुदायलाई राज्यले प्रदान गरेका अधिकारबारे जागरूक गराउन र ती अधिकारहरू प्राप्तिका लागि उनीहरूलाई सूचनाको हकको महत्त्व अझ बढी छ। यसले समावेशी समाज वा राज्य निर्माण गर्न पनि सहयोग पुऱ्याइरहेको हुन्छ।

## ४.४. लैङ्गीक न्यायको प्रर्बद्धन

सार्वजनिक प्रशासनका विभिन्न तहका रहेका महिला सरोकारसम्बन्धी सूचनामाथि पनि महिलाहरूको पहुँच निकै कम छ। सूचनामाथि पहुँच नभएका कारण राज्यले उपलब्ध गराएका सुविधादेखि संवैधानिक र कानुनी अधिकार उपयोग गर्नबाट समेत उनीहरू बञ्चित छन्। महिलामाथि लैङ्गीक तथा घरेलु हिंसा, अन्याय, अत्यचार निरन्तररूपमा भइरहेका छन्। तर, उनीहरूले पाउने कानुनी उपचार, न्याय पाउने विधि आदिबारे उनीहरूलाई जानकारी नै छैन। सूचना अभावका कारण उनीहरूले न्याय पाउन सकेका छैनन्। त्यसैगरी संवैधानिक तथा कानुनीरूपमा महिलाका विभिन्न अधिकार सुरक्षित गर्न भनी सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम पनि भइरहेका छन्। तर, ती कार्यक्रम, महिला लक्षित परियोजना, बजेट तथा अन्य सेवा–सुविधाबारे अधिकांश महिला अनभिज्ञ छन्। यसलेगर्दा ती परियोजना तथा कार्यक्रमहरुको लक्षित उद्देश्य पुरा हुन सकेको छैन।

सूचनाको हकले लैङ्गीकआधारमा बिना भेदभाव सहजरूपमा सूचना पाउने व्यवस्था गरेको छ। यसको प्रभावकारी प्रयोगले महिलाको सूचनामाथिको पहुँच वृद्धि गर्दछ। महिलालाई हेप्ने मानसिकता भए पनि माग भएको सूचना सार्वजनिक निकायले दिनै पर्ने बाध्यात्मक व्यवस्था सूचनाको हकसम्बन्धी ऐनले गरेको छ। सूचनाको हकले महिलालाई सूचनामाथि पहुँच बिस्तार गरी सशक्तिकरण गराउन प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ भने अर्कोतिर महिलामाथि हुने हिंसालाई कम गर्न, महिला अधिकार, अवसर र सुविधाबारे जानकारी दिइ न्यायमा पहुँच वृद्धि गर्न पनि सहयोग गर्छ। यसरी सूचनाको हकलाई महिला सशक्तिकरण र लैंङ्गीक भेदभाव मुक्त गर्ने अभियानमा पनि प्रभावकारी साधनको रूपमा प्रयोग गर्न सकिन्छ।

## ४.५. नागरिक सशक्तिकरण

सूचनाको हकले नागरिकलाई कुनै पनि सार्वजनिक निकाय तथा त्यसका अधिकारीलाई प्रश्न सोध्ने अधिकार प्रदान गरेको छ। नागरिकलाई प्रश्न सोध्ने अधिकार प्रदान गर्नु भनेको सार्वजनिक निकायका अधिकारीलाई जवाफ दिन जिम्मेवार बनाउनु पनि हो। सूचनाको हकले नागरिकलाई आफ्नो व्यक्तिगत वा सार्वजनिक हित तथा सरोकारका विभिन्न सूचना माग्ने अधिकार प्रत्याभुत गरेको छ। यसका साथै सार्वजनिक निकायबाट नागरिकले खोजेको प्रश्नको उत्तर सूचनाको स्रोतका आधारमा मौखिक, लिखित वा आवश्यक कागजको प्रमाणित प्रतिलिपि आदि रूपमा लिन पाउने व्यवस्था सूचनाको हकसम्बन्धी ऐनले गरेको छ।

सार्वजनिक निकायले प्रदान गर्ने सेवा, बजेट, खर्च विवरणलगायतका सूचना माग गर्न सक्ने गरी ऐनमा गरिएको व्यवस्थाले नागरिकलाई सार्वजनिक प्रशासनसँग प्रश्न सोध्ने, सूचना लिने र प्राप्त सूचना अन्य सरोकारवालासँग पनि आदान–प्रदान गर्न पाउने भएका

कारण यसले नागरिकलाई सशक्त र जागरूक बनाउन मद्दत गर्छ। सशक्त नागरिकले नै सार्वजनिक प्रशासनलाई अनुगमन गर्ने तथा ती निकायले प्रदान गर्ने सेवा वा सुविधामा जिम्मेवार बनाउन दबाब दिन सक्छन्। यसरी सूचनाको हकले नागरिकलाई सशक्तिकरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ। त्यसैले सूचनाको हकलाई लोकतन्त्रको अनिवार्य शर्त वा प्राणवायु मान्ने गरिन्छ।

## ४.६. उपभोक्ता अधिकार

सूचनाको हक उपभोक्ता अधिकारको एउटा महत्त्वपूर्ण पक्ष हो। उपभोक्ताको सन्दर्भमा सूचनाको अधिकार भन्नाले उपभोक्ताले उपभोग गर्ने वस्तु वा सेवाका विभिन्न पक्षबारे जान्न पाउने अधिकार हो। अर्थात वस्तु वा सेवाबारे उचित जानकारी पाउने अधिकार हो। उपभोक्ताका प्रमुख चार अधिकार सुरक्षा, सुचना, छनोट र सुनुवाइको अधिकारहरूमध्ये वस्तु वा सेवाका सन्दर्भमा सूचनाको अधिकार आधारभूत अधिकार हो। उपभोक्ताको सूचनाको अधिकारले उनीहरुलाई वस्तु तथा सेवाको प्रयोगमा सुरक्षाको प्रत्याभुति प्रदान गर्दछ। आफुले खोजेको वस्तु तथा सेवाको छनोटमा सहजता सृजना गर्दछ साथै उपभोक्तको रुपमा ठगिएमा वा धोखा खाएका उपचार तथा सूनुवाइको लागि समेत बाटो तथा प्रकृयाको बारेमा जानकारी प्रदान गर्दछ। तसर्थ उपभोक्तको सुरक्षाको अधिकार, छनोटको अधिकार र सुनुवाइको अधिकारको प्रयोगको लागि पनि वस्तु वा सेवाको सम्बन्धमा सुसूचित हुन पाउने अधिकार वा सूचनाको अधिकार उपभोक्ताको एक महत्त्वपूर्ण अधिकार हो। उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवासँग सम्बन्धित सूचनाहरू जस्तैः उत्पादन मिति, परिमाण वा मात्रा, आकार, मूल्य, प्रस्तुती, रङ्ग, प्रयोग विधि आदिबारे जान्ने अधिकार सूचनाको हकले प्रदान गरेको छ। उपभोक्ताले उपभोग्य वस्तुको जानकारीका आधारमा सेवा र वस्तुको छनोट गर्छन्। त्यसकारण ती वस्तु वा सेवाबारे सही सूचना पाउने वा सूचित हुन पाउने अधिकार उपभोक्ताको आधारभूत अधिकार हो। नेपालको उपभोक्ता हित संरक्षण सम्बन्धी ऐनमा पनि यसको स्पष्ट व्यवस्था गरिएको छ।

# भाग : दुई

# नेपालमा सूचनाको हक

# नेपालमा सूचनाको हक

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भएपछि नागरिकले केही मात्रामा अधिकारको कुरा उठाउन थालेका थिए। राज्यले नागरिक अधिकार ऐन-२०१२ मार्फत अभिव्यक्ति स्वतन्त्रता, समानताको हक, विभेदविरुद्धको अधिकार, सम्पतिसम्बन्धी तथा धर्मसम्बन्धी अधिकार लगायतका अधिकारहरू पहिचान गरेको थियो। तर, वि.सं. २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्था सुरू भएपछि ती अधिकार कार्यान्वयनमा आउनुको साटो प्रतिबन्दमा परे। यद्यपि, नागरिकले आफ्नो अधिकारका लागि विभिन्न माध्यमबाट निरन्तररूपमा आवाज उठाइरहे। वि.सं. २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरेपछि २०४७ मा निर्माण गरिएको संविधानमा नागरिकका विभिन्न अधिकारलाई मौलिक अधिकारका रूपमा समावेश गरियो। त्यति मात्रै होइन नागरिक अधिकार सुनिश्चितताका लागि नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय महासन्धी, अभिसन्धी तथा कानुनको अनुमोदन पनि गर्‍यो।

## १. नेपालमा सूचनाको हकको सुरूआत

नेपाल अधिराज्यको संविधान २०४७ को धारा-१६ मा सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको थियो। यो नै नेपालमा सूचनाको हकसम्बन्धी पहिलो प्रष्ट संवैधानिक व्यवस्था हो। हुन त मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको महलको २११ मा मुद्दा हेर्ने अड्डामा रहेका मिसिल कागजपत्रको नक्कल सरोकारवाला वा जोसुकैले मागे पनि दिनुपर्छ भन्ने व्यवस्था गरिएको थियो। त्यसैगरी कागज जाँचको महलको १७ मा 'अड्डामा रहेको सरकारी कागजपत्रको नक्कल सरोकारवाला जोसुकैले पनि लिन पाउँछ' भन्ने कानुनी व्यवस्थाका गरिएको थियो। यस ऐनले सरकारी अड्डामा रहेका कागजातको नक्कल लिन पाउने व्यवस्था गरेको देखिन्छ। यद्यपि, यसले नागरिक सरोकारका सूचनामाथिको पहुँच स्थापित गरेको थिएन। यसभन्दा पहिले नेपालमा सूचनाको हकसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको थिएन।

## २. सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था

नेपालमा सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्थाको इतिहास लामो छैन। २०४७ सालको संविधानभन्दा पहिलेका संविधानमा सूचनाको हकसम्बन्धी स्पष्ट व्यवस्था थिएन। नेपालमा सूचनाको हक सुनिश्चित गर्ने पहिलो दस्तावेज नेपाल अधिराज्यको संविधान-२०४७ हो। उक्त संविधानको धारा १६ ले सार्वजनिक सरोकारका विषयबारे नागरिकले आफूले चाहेको सूचना माग्ने र पाउने संवैधानिक अधिकारको प्रत्याभूति गरेको थियो।

संविधानले प्रत्याभूत गरेको सो प्रावधनालाई प्रचलनमा ल्याउन तथा सार्वजनिक सरोकारका विषयमा सूचना माग गर्ने र दिने संस्कृतिको विकास गर्न राज्यले सूचनाको हकसम्बन्धी ऐन र नियमावली तर्जुमा गरी जारी गर्नुपर्थ्यो । यसले सरकारको नीति-निर्माण प्रक्रियालाई खुल्ला र पारदर्शी बनाउनुका साथै सुशासनलाई सुदृढ गर्दै लोकतन्त्रलाई बलियो बनाउने काम गर्नसक्थ्यो । तर, राज्यले सूचनाको हकको कार्यान्वयनका लागि ऐन र नियमावली ल्याउने काम गरेन । सूचनाको हकसम्बन्धी ऐनको व्यवस्था नगरिएका कारण नागरिकले चाहेको सार्वजनिक सरोकारका सूचना पाउन सर्वोच्च अदालतसमक्ष रीट लिएर जानु पर्ने अवस्था थियो ।

२०६२/६३ मा सम्पन्न जनआन्दोलनपछि नेपालमा अन्तरिम संविधान-२०६३ जारी गरियो । अन्तरिम संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकका रूपमा स्वीकार गरेको छ । अन्तरिम संविधानको धारा-२७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ' भन्ने व्यवस्था गरिएको छ ।

२०४७ सालको संविधानले सार्वजनिक सरोकारका विषयको सूचनाको मात्र माग गर्न सकिने वा पाउने व्यवस्था गरेको थियो । तर, अन्तरिम संविधान-२०६३ ले भने सार्वजनिक सरोकारका साथै व्यक्तिगत सरोकारको सूचना पनि माग गर्न सकिने वा पाउने व्यवस्था गरेको छ । यसले नागरिकको सूचनामाथिको पहुँच निकै फराकिलो पारिदिएको छ ।

## ३. सूचनाको हकसम्बन्धी विशेष कानुन

२०४७ सालको संविधानमा सूचनाको हकको बारेमा व्यवस्था गरिएको भएपनि लामो समयसम्म यसको कार्यान्वयनका लागि छुट्टै कानुन बन्न सकेन । सरकारको तर्फबाट सूचनाको हकसम्बन्धी ऐन तथा कानुन बनाउने काम नभएपछि २०५६ मा पहिलो पटक नेपाल पत्रकार महासंघ र नेपाल प्रेस इन्स्टिच्यूटको सामूहिक प्रयासमा सूचनाको हकसम्बन्धी विधेयक मस्यौदा गरी सरकारलाई बुझाइएको थियो । उक्त मस्यौदा विधयेक २०५८ मा संसदमा दर्ता गराइएको थियो, तर त्यसलगतै संसद बिघटन भएका कारण संसदबाट सो विधयेक जारी हुन सकेन ।

२०६२/६३ मा जनआन्दोलन सम्पन्न भइसकेपछि नेपालमा राजनीतिक परिवर्तनका धेरै प्रक्रिया सुरू भए । बिघटित संसदको पुन:स्थापना भयो । पुन:स्थापित संसदले अन्तरिक संविधान-२०६३ जारी गर्‍यो । यसका साथै पुनस्थापति संसदले सूचनाको हकसम्बन्धी विशेष कानुन सूचनाको हक सम्बन्धी ऐन-२०६४ समेत पारित गर्‍यो

अन्तरिम व्यवस्थापिका संसदले सूचनाको हकसम्बन्धी ऐन २०६४ साल साउन २ गते पारित गरेको हो । संसदबाट पारित भएलगत्तै यो ऐनलाई २०६४ साल साउन ५ गते सभामुखले प्रमाणिकरण गरेका थिए । ऐनको दफा १(२) मा व्यवस्था गरिएअनुसार ऐन प्रमाणिकरण भएको मितिले ३० दिनपछि अर्थात भदौ ३ गतेबाट नेपालमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ लागू भएको हो । यस ऐनमा ३८ वटा दफा र एउटा अनुसूची समावेश गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले २०६५ माघ २७ गते सूचनाको हकसम्बन्धी नियमावली-२०६५ जारी गऱ्यो । जुन नियमावली जारी भएकै मितिदेखि लागू भएको हो । यस नियमावलीमा २५ वटा नियम र एउटा अनुसचि रहेको छ ।

सूचनाको हक कार्यान्वयनमा थप सहजताका लागि २०७० मा सूचनाको हकसम्बन्धी नियमावली-२०६५ को पहिलो पटक संशोधन गरिएको थियो । संशोधित नियमावलीले ऐन कार्यान्वयन क्रममा आएका केही अप्ठारालाई सम्बोधन गरेको छ । संशोधित नियमावलीलाई यस पुस्तकको अनुसूचीमा पनि समावेश गरिएको छ ।

## ४. सूचनाको हकसम्बन्धी ऐन-२०६४ को उद्देश्य र विशेषता


कुनै पनि ऐन तथा कानुन निर्माण वा कार्यान्वयनमा ल्याउनुका केही निश्चित उद्देश्य हुन्छन् । नेपालमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ जारी गर्नुका पनि केही निश्चित उद्देश्य छन् । यस ऐन लागू गर्नुका केही निश्चित उद्देश्य तल उल्लेख गरिएका छन् :

**सूचनाको हक सम्बन्धी कानुनका उद्देश्यहरू**

- राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाउने,
- नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने,
- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने,
- राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने, र
- नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने ।

यसरी सूचनाको हकसम्बन्धी ऐन-२०६४ ले प्रस्तावनामा नै सूचनाको हकको प्रभावकारी प्रचलनका लागि सूचना माग्ने र उपलब्ध गराउने दुवै पक्षको भूमिकालाई स्पष्ट पारेको छ ।

सूचनाको हकको कार्यन्वयनका लागि सूचनाको हकसम्बन्धी आधारभुत सिद्धान्तलाई यस ऐनले आत्मसात गरेको छ । ऐनले सूचना माग्नु वा पाउनुलाई नागरिक अधिकारका रूपमा र सूचना दिनु तथा प्रकाशन गर्नुलाई सार्वजनिक निकायको दायित्वको रूपमा चित्रित गरेको छ ।




सूचनाको हक सम्बन्धी ऐनमा भएका प्रावधानहरूलाई हेरेर यस ऐनमा भएका विशेषताहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- सूचनाको हकको बारेमा व्यवस्था गर्न निर्माण गरिएको पहिलो तथा छुट्टै ऐन हो ।
- सूचना, सूचनाको हक तथा सार्वजनिक निकायबारे स्पष्ट परिभाषा गरिएको छ ।
- सूचनाको हक कार्यान्वयनका लागि स्वतन्त्र निकायको रूपमा राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ ।
- सार्वजनिक निकायले प्रत्येक तीन-तीन महिनामा स्वत:स्फूर्त रूपमा सूचना सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ ।
- सूचनमा माग गर्ने स्पष्ट प्रक्रिया तथा समयसीमासहितको प्रावधान समावेश गरिएको छ ।
- सूचना प्राप्त गर्दा लाग्ने शुल्कसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ ।
- सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था ऐनमा गरिएको छ ।
- सूचना वर्गीकरणको लागि मार्गदर्शन र सीमाको व्यवस्था गरिएको छ ।
- सूचना संरक्षण सम्बन्धी स्पष्ट व्यवस्था उल्लेख छ ।
- सार्वजनिक निकायले सूचना नदिएमा हुने सजाँय तथा सूचना नपाएका कारण हुने क्षतिउपर क्षतिपुर्ति सम्बन्धी व्यवस्था गरिएको छ ।
- सूचना अधिकारीको व्यवस्था र उजुरी तथा पुनरावेदनसम्बन्धी स्पष्ट तथा सरल व्यवस्था गरिएको छ ।

## ५. ऐनमा भएका सूचनाको हकसम्बन्धी मुख्य व्यवस्था

सूचनाको हकसम्बन्धी ऐनले धेरै विषयलाई समेटेको छ । तैपनि सूचनाको हकलाई राम्ररी बुझ्नको लागि तल उल्लेखित प्रावधानबारे विशेष अध्ययन गर्न आवश्यक हुन्छ । विशेषगरी सूचनाका हकका अभियान्ताहरूले जानकारी राख्नैपर्ने प्रावधानबारे यहाँ छोटकरीमा चर्चा गरिएको छ :

### ५.१. प्रत्येक नागरिकलाई समान रूपमा सूचनाको हक

नेपालको कानुनले सूचनाको हकलाई नागरिक मात्रैको हकका रूपमा व्याख्या गरेको छ । यसको अर्थ सबै नेपाली नागरिकले बिना कुनै भेदभाव सूचनाको हकको प्रयोग गर्न पाउँछन् ।

सूचनाको हकसम्बन्धी ऐन–२०६४ को दफा–३(१) मा सूचनाको हक प्रत्येक नेपाली नागरिकलाई समानरूपमा प्रत्याभूत एवं सुरक्षित गरिएको उल्लेख छ । तर विदेशी नागरिकले भने यो अधिकार उपयोग गर्न पाउँदैनन् ।

यसैगरी ऐनको दफा–३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा पहुँच हुने व्यवस्था गरिएको छ । यसर्थ नेपालको अन्तरिम संविधान–२०६३ को दफा–२७ मा प्रत्याभूत सूचनाको हककै अधीनमा रही प्रत्येक नेपाली नागरिकले समानरूपमा सूचनाको हक उपभोग गर्न पाउने व्यवस्था ऐनमा गरिएको छ ।

'सूचनाको हक' वास्तवमा के हो भन्ने सन्दर्भमा ऐनको दफा–२ (ङ) मा सूचनाको हकको स्पष्ट परिभाषा गरिएको छ । उक्त परिभाषाअनुसार सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सूचनाको हक हो । सूचनाको हकभित्र सूचना माग्ने र पाउने अधिकार मात्र नभइ सार्वजनिक निकायमा रहेको कुनै लिखत सामग्री वा सो निकायको काम–कारबाहीको अध्ययन वा अवलोकन गर्ने, ती लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना ती यन्त्रमार्फत प्राप्त गर्ने अधिकारलाई समेत जनाउने कुरा ऐनमा उल्लेख गरिएको छ ।

नेपालको बिकट जिल्ला जाजरकोटमा वर्षेनी खाद्यान्न सङ्कट हुने गर्दछ । त्यस समस्यालाई सम्बोधन गर्ने गरी खाद्य संस्थानले वर्षैपिच्छे खाद्यान्न वितरण गर्दै आइरहेको छ । तर, खाद्यान्न वितरण गरिएको क्षेत्रमा व्यापक अनियमितता भइरहेको छ । सूचनाको हकबारे ज्ञानको अभावले त्यँहाका जनता यसको वास्तविकताबारे बेखबर थिए । जब त्यस भेगका युवाहरूले सूचनाको हकको प्रयोगबारे जानकारी पाए, त्यसपछि उनीहरूले खाद्य संस्थानसँग ती क्षेत्रमा वितरण हुने तथा सहुलियत दरमा उपलब्ध हुनुपर्ने खाद्यान्नको परिमाण र वितरण गरिएका खाद्यान्नको परिमाणबारे सूचना तथा जानकारी माग गरे । उनीहरूले माग गरेको सूचनाका आधारमा ती क्षेत्रमा खाद्यान्न वितरणमा व्यापक अनियमितता हुने गरेको तथ्य फेला पर्‍यो । यसले त्यहाँका सबै नागरिकलाई खाद्यान्नमा भइरहेको अनियमितताबारे जानकार बनायो भने सरोकारवालालाई नागरिकले दबाब दिए । यसको परिणामस्वरूप सरोकारवाल निकायले सम्बन्धित परिवारसम्म खाद्यान्न पुर्‍याउने प्रतिबद्ध भयो । अहिले जाजरकोट जिल्लामा खाद्यान्न वितरणका क्रममा हुने अनियमितता लगभग बन्द जस्तै भएको छ ।

## ५.२. सार्वजनिक निकायको परिभाषा

सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गर्न सकिने कार्यालय तथा नागरिकले माग गरेका सूचना उपलब्ध गराउनु पर्ने कार्यालयलाई सार्वजनिक निकायको रूपमा परिभाषित गरिएको छ । प्रायजसो सरकारी निकायलाई मात्र सार्वजनिक निकायका रूपमा बुझ्ने गरिन्छ ।

नेपालको कानुनअनुसार सरकारी कार्यालय मात्र होइन जनताका करबाट चल्ने वा खर्च गर्ने कार्यालयका साथै जनताको सरोकारका सवालमा काम गर्ने सबै कार्यालयलाई सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको रूपमा परिभाषित गरेको छ। यस ऐनले विभिन्न नौवटा निकायलाई सार्वजनिक निकाय मानेको छ। ऐनको दफा–२ (क) मा निम्न निकायलाई सार्वजनिक निकायको रूपमा परिभाषित गरिएको छ :

**माग गर्न सकिने कार्यालय**

- सबै सरकारी कार्यालय ।
- सबै अर्धसरकारी कार्यालय ।
- सबै गैरसरकारी कार्यालय ।
- कानुन बमोजिम दर्ता रहेका राजनीतिक दल ।

- संविधानअन्तर्गतका निकाय,
- ऐनद्वारा स्थापित निकाय,
- नेपाल सरकारद्वारा गठित निकाय
- कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,
- प्रचलित कानुन बमोजिम दर्ता भएका राजनीतिक दल तथा सङ्गठन,
- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,
- नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन भएका सङ्गठित संस्था,
- प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

ऐनमा गरिएको व्यवस्थाअनुसार सबै सरकारी, अर्धसरकारी, गैरसरकारी कार्यालय तथा राजनीतिक दलले नागरिकलाई सूचना उपलब्ध गराउनु पर्छ। नागरिकले यी कार्यालयमा आफूलाई आवश्यक परेको तथा सार्वजनिक सरोकारको सूचना माग गर्न सक्छन्।

## ५.३. सूचना अधिकारी

कुनै पनि सार्वजनिक निकायमा गएर सूचना माग गर्दा कुन व्यक्तिलाई सर्म्पक गर्ने भन्ने अन्यौल धेरैमा हुने गर्दछ। त्यसैले सूचनाको हकसम्बन्धी ऐनमा प्रत्येक सार्वजनिक निकायले नागरिकले माग गरेका सूचना उपलब्ध गराउन सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको छ। यसरी कानुन बमोजिम तोकिएको सूचना अधिकारीले नागरिकले माग गरेका सूचना सहजरूपमा उपलब्ध गराउनु पर्छ । सूचनाको हकको कार्यान्वयनको सन्दर्भमा सूचना अधिकारी नै सबैभन्दा जिम्मेवार र सूचना उपलब्ध गराउने महत्त्वपूर्ण व्यक्ति हो। सार्वजनिक निकायमा ऐन बमोजिम नियुक्त हुने अधिकारी नै सूचना अधिकारी हो।

सूचना अधिकारी सार्वजनिक निकायमा छुट्टै नियुक्त गरिएको व्यक्ति वा अधिकारी होइन। कार्यालयकै कुनै एक कर्मचारीलाई सूचनाको भण्डारण, संरक्षण एवं प्रवाह गर्न जिम्मेवारी दिइएको व्यक्ति वा अधिकारी नै सूचना अधिकारी हो। कानुनले सूचना अधिकारी तोक्ने जिम्मा कार्यालय प्रमुखलाई दिएको छ। सूचना अधिकारी तोक्दा कार्यालय प्रमुखले आफ्नो प्रशासकीय नेतृत्वभन्दा दोस्रो वा तेस्रो तहको जिम्मेवारीमा रहेको अधिकारीलाई तोक्नुपर्छ, ताकि तोकिएको अधिकारी आफ्नो कार्यालयको काम कारबाहीबारे जानकारी राख्न सक्ने र सूचना प्रवाह गर्न सक्ने होस्। सूचना अधिकारी नतोकिएको अवस्थामा सम्बन्धित सार्वजनिक निकायका प्रमुखले नै सूचना अधिकारीले गर्नुपर्ने काम गर्नुपर्दछ। तोकिएको सूचना अधिकारीले जिम्मेवारी पूरा नगरेमा सूचना दिने सूचना अधिकारीको जिम्मेवारी कार्यालय प्रमुखले नै बहन गर्नुपर्छ।

सूचनाको हकसम्बन्धी ऐन-२०६४ को कार्यान्वयनमा सूचना अधिकारीको मुख्य भूमिका रहेको हुन्छ। ऐनमा व्यवस्था भएअनुसार सूचना अधिकारीले निम्न भूमिका निर्वाह गर्नु पर्दछ :

- सूचना माग गर्न आउने नागरिकका लागि कार्यालयको प्रथम सम्पर्क व्यक्ति रहेको हुँदा सोही बमोजिम भूमिका निर्वाह गर्ने।
- आफ्नो कार्यालयमा भएका सूचनाहरूको सङ्कलन, भण्डारण र अद्यावधिक गर्ने।
- प्रत्येक तीन-तीन महिनामा सूचनाको सक्रिय सार्वजनिकीकरण गर्ने।
- सूचना लिन आउने व्यक्तिले कानुन बमोजिम शुल्क तिरे वा नतिरेका निर्क्यौल गर्ने।
- सूचना माग गरी आएका निवेदन सुन्ने/हेर्ने र प्रवाह गर्न मिल्ने सूचना भए प्रवाह गर्ने नत्र सोको जानकारी निवेदकलाई दिने।
- सूचनाको हकको कार्यान्वयनका लागि कानुनले दिएको अन्य जिम्मेवारी पूरा गर्ने।

सूचनाको हक सम्बन्धी ऐनको दफा २ (च) र दफा ६ मा सूचना अधिकारीसम्बन्धी व्यवस्था गरिएको छ।

## ५.४. सूचनाको हक आकर्षित नहुने क्षेत्रहरू (सूचनाको हकका अपवाद)

सूचनाको हकको संवैधानिक र कानुनी प्रावधानअनुरूप प्रत्येक नागरिकले सार्वजनिक निकायमा रहेका सूचना माग गर्ने र प्राप्त गर्न सक्छन्। तर सूचनाको हकको प्रयोग गर्ने भन्दैमा सबैखाले सूचना भने माग गर्न पाईंदैन। ऐनको दफा–३(३) ले सूचनाको हक निरपेक्ष हक नभइ केही सूचना माग भएपनि प्रवाह गर्न नमिल्ने कुरा उल्लेख गरिएको छ।

विशेषगरी सूचनाको संवेदनशीलता एवं त्यसको प्रवाहले सार्वजनिक हितमा असर पुऱ्याउन सक्ने नकरात्मक असरको मनन गरी केही सूचनाको प्रवाहमा बन्देज लगाइएको हो । नेपालको संविधानले पनि कानुनअनुसार मात्र सूचनाको हकको प्रयोग हुनसक्ने उल्लेख गरेको छ भने ऐनमा पनि तल उल्लेखित सीमा तथा बन्देजको व्यवस्था गरिएको छ ।

नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सु-सम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने,
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने आदि ।

माथि उल्लेखित सवालका सूचना माग गरिए पनि रोक्न सकिने प्रावधान ऐनमा समावेश गरिएको छ । तर, ती विषयसँग सम्बन्धित सूचनाबिना आधार नदिन भने पाईंदैन । यस्ता सूचना रोक्नु पर्ने अवस्था भएमा सूचना रोक्नु पर्ने वा दिन नमिल्ने वस्तुनिष्ट तथा उपयुक्त आधार हुनुपर्छ । यसरी वस्तुनिष्ट आधार खुलाएर मात्रै सूचना रोक्न सकिने व्यवस्था ऐनमा गरिएको छ । ऐनको ३(३) मा यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएको अवस्थाबाहेक त्यस्ता सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन नपाउने कुरा प्रष्टरूपमा उल्लेख गरिएको छ ।

## ५.५. सूचनादाताको संरक्षण

सामान्य अर्थमा सूचनादाता सूचना उपलब्ध गराउने व्यक्ति भन्ने बुझिन्छ । ऐनको दफा–२९(१) मा सूचनादाता भन्नाले सार्वजनिक निकायका कर्मचारी नै भएको उल्लेख गरिएको छ । ऐनले सार्वजनिक निकायमा भइरहेका भ्रष्टाचार तथा अनियमितताका सम्बन्धमा प्रगतिशीलरूपमा सूचना सम्प्रेषण गर्नु पनि सोही निकायका कर्मचारीको दायित्व भएको उल्लेख गरेको छ । यसरी ऐनले नै सार्वजनिक निकायमा भएका भ्रष्टाचार एवं अनियमिततालाई बाहिर ल्याउने दायित्व नागरिकको साथसाथै सार्वजनिक निकायका कर्मचारीको पनि भएको उल्लेख छ ।

यसरी कार्यलयका सूचना बाहिर ल्याउदा कर्मचारीहरूलाई केही अप्ठारा पर्न सक्छन् । आफूलाई अप्ठ्यारो पर्न सक्ने डरका कारण पनि कर्मचारी सार्वजनिक निकायमा भइरहेका भ्रष्टाचार तथा अनियमितताका सूचना सम्प्रेषण सहज मान्दैनन् । तर, सूचनाको हकसम्बन्धी

ऐनले सार्वजनिक निकायमा भइरहेका भ्रष्टाचार तथा अनियमितताका सूचना बाहिर ल्याउँदा कर्मचारीलाई कुनै हानी नोक्सानी नहोस् भनेर सूचनादाताको संरक्षणको व्यवस्था गरेको छ ।

सूचनादाताको संरक्षणको लागि सूचनाको हकसम्बन्धी ऐनमा निम्न व्यवस्था गरिएको छ :

- सूचनादाताको पहिचान गोप्य राख्ने दायित्व सूचना प्रयोकर्ताको हो ।
- सूचनादातालाई सूचना उपलब्ध गराएकै आधारमा जागिरबाट हटाउन वा अन्य कारबाही गर्न पाईंदैन ।
- सूचना उपलब्ध गराएकै कारण सूचनादाताले जागिर गुमाएमा वा अन्य कारबाही भएमा ऐनले सूचनादाताको संरक्षण गर्ने र राहत एवं क्षतिपूर्ति दिलाउने व्यवस्था गरेको छ । यसका लागि राष्ट्रिय सूचना आयोगले आवश्यक निर्देशन दिन सक्दछ ।

## ५.६. सूचनाको वर्गीकरण

सूचनाको वर्गीकरण ऐनको सबैभन्दा महत्त्वपूर्ण व्यवस्था हो। यसले सूचनाको संरक्षण तथा सूचनाको प्रवाहमा सहजता सिर्जना गर्दछ। यसअन्तर्गत मूलत: नागरिकले माग गरेका सूचना गोप्य राख्नु पर्ने वा नपर्ने, कस्ता सूचनाको कति अवधीसम्म संरक्षण गर्ने भन्ने विषय समावेश गरिएका छन्। ऐनको दफा-२७ मा यससम्बन्धी व्यवस्था गरिएको छ सार्वजनिक निकायमा रहेका सूचनाहरू मध्ये केही सूचना गोप्य राख्न सकिने सूचनाको रुपमा ऐनमा व्यवस्था गरिएको छ। यस अघिनै यस विषयमा सूचनाको हक आकर्षित नहुने क्षेत्र (सूचनाको हकको अपवाद) शीर्षकमा ५.४ मा उल्लेख गरिएका सूचना ऐनको दफा–३ को उपदफा (३) सँग सम्बन्धित सूचना हुन। यस्ता सूचना संरक्षण गर्नका लागि नीतिगतरूपमा सूचनाको वर्गीकरण गर्न ऐनको दफा–२७ बमोजिम एक समिति रहने व्यव्स्था छ । यो समिति नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिव एवं कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ रहने व्यवस्था छ सो समितिले माथि उल्लेखित सूचनाको वर्गीकरण गर्दा सूचनालाई कति वर्षसम्म गोप्य राख्नु पर्ने हो र सोको अवधि र संरक्षण गर्ने तरिकाको निश्चित मापदण्ड निर्धारण गर्नु पर्दछ। यस्तो बर्गिकरणको बारेमा राष्ट्रिय सूचना आयोगलाइ समेत जानकारी दिनु पर्ने व्यवस्था छ

यसरी वर्गीकृत सूचनाको प्रकृतिका आधारमा बढीमा तीस वर्षसम्मका लागि गोप्य राख्न सकिने प्रावधान ऐनमा छ। यसरी गोप्य राख्नुपर्ने भनिएका सूचना गोप्य राख्नुपर्ने वा नपर्ने भन्ने सम्बन्धमा भने सो समितिले प्रत्येक दशवर्षमा पुनरावलोकन गर्नुपर्छ । यसरी पुनरावलोकन गर्दा कुनै सूचना थप अवधिसम्मका लागि गोप्य राख्नुपर्ने भएमा सूचना गोप्य राख्नुपर्नाका कारण र अवधि खुलाई गोप्य राख्नुपर्छ। यदि ती सूचना गोप्य राख्नु

नपर्ने भएमा समितिले गोप्य राख्नु नपर्ने सूचनाका रूपमा वर्गीकरण गरी मागकर्तालाई दिन सकिने व्यवस्था ऐनमा गरिएको छ ।

उपयोगी सूचना लुकाउनका लागि नभइ नागरिक हितमा सूचनाको संरक्षणका लागि सूचनाको वर्गीकरण गरिएको हो । नेपाल सरकारले कानुनले दिएको अधिकारभन्दा बढी सूचना लुकाउने नियतले सूचनाको बर्गीकरण गरेको थियो। नागरिकस्तरबाटै त्यसको विरोध भएको थियो भने अदालतमा मुद्दासमेत दायर गरिएको थियो । सरकारले गरेको सूचना वर्गीकरण कार्यन्वयन नगर्न अदालतले अन्तरिम फैसला गरी दिएपछि सरकारले गर्न खोजेको सूचना वर्गीकरणको काम रोकिएको थयो ।

## ५.७. सूचनाबापत लाग्ने दस्तुर

सार्वजनिक निकायबाट सूचना माग गर्न सकिने कुरा कानुनले संरक्षण गरेको छ। सूचना माग गर्न सार्वजनिक निकायका सूचना अधिकारीलाई निवेदन दिनु पर्दछ । यसरी निवदेन दिँदा कुनै शुल्क तिर्नु पर्दैन । तर, सूचना लिनको लागि भने कानुन बमोजिमको दस्तुर तिर्नुपर्छ ।

**सूचनाबापत लाग्ने शुल्क**

- सूचना माग गरी निवेदन दिँदा कुनै शुल्क लाग्दैन ।
- सार्वजनिक निकायबाट सूचना लिँदा लाग्ने वास्तविक लागतअनुसारको शुल्क तिर्नु पर्छ ।
- १० पृष्ठ सम्मको सूचना निःशुल्क पाइन्छ ।
- सूचना मागको निवेदनमा हुलाक टिकट समेत टाँस गर्नु पर्दैन ।

सूचना माग गरी निवेदन दिएपश्चात सम्बन्धित निकायका पदाधिकारीले माग गरिएको सूचनाको पृष्ठ संख्याका आधारमा नियम बमोजिम शुल्क तिर्नुपर्छ । सूचना मागकर्तालाई आवश्यक शुल्क उल्लेख गरेर भुक्तान गरी सूचना लिनका लागि पत्राचार गनुपर्छ । यसरी शुल्कबारे जानकारी पाएपछि सूचना प्राप्तकर्ताले शुल्क बुझाएर अनिवार्य रूपमा भर्पाइ लिनुपर्छ। ऐनको दफा–८ मा सूचना प्राप्त गर्दा लाग्ने दस्तुरबारे उल्लेख गरिएको छ भने सूचनाको हकसम्बन्धी नियमावली-२०६५ को दफा– ४ तथा संशो धित व्यवस्थामा सूचना लिदाँ बुझाउनुपर्ने शुल्कसम्बन्धी निम्नानुसार व्यवस्था गरिएको छ :

- A4 आकारको पहिलो १० पृष्ठसम्मको सूचना निःशुल्क तथा १० पृष्ठभन्दा बढीको A4 आकारको सूचनाको लागि प्रतिपृष्ठ पाँचरूपैयाँ,
- A4 भन्दा ठूलो आकारको कागजमा रहेको सूचनाका लागि प्रतिपृष्ठ दशरूपैयाँ, र डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीबापत पचासरूपैयाँ,

- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन गर्नका लागि शुल्क तिर्नुपर्छ। आधा घण्टाभन्दा बढी समय अवलोकन गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचासरूपैयाँ तिर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ।
- कुनै विशेष प्रक्रिया पुरा गरेर कुनै सूचना तयार गर्दा सो माथि लेखिएभन्दा बढी खर्च लाग्ने भएमा (सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ। उदाहरणको रुपमा जग्गाको नक्शालाई लिन सकिन्छ।
- सार्वजनिक निकायले सूचना प्रदान गर्दा लिने रकम नगद लिने वा कुनै खास बैंकमा जम्मा गरी भौचर लिने वा जम्मा लागत रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।
- सूचनाबापतको दस्तुर प्रत्येक दुईवर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिने र सार्वजनिक पुस्तकालय र सार्वजनिकरूपमा निःशुल्क उपलब्ध गराइएका स्थानको अवलोकनबापत दस्तुर नलाग्ने कानुनी व्यवस्था गरिएको छ।

## ५.८. सूचनाको सक्रिय सार्वजनिकीकरण

नगरिकले मागेको बेला मात्रै सूचना पाउने व्यवस्था लोकतान्त्रिक राज्यप्रणालीका लागि पर्याप्त हुँदैन। नागरिकले सूचना माग नगरे पनि सार्वजनिक निकायले नै सक्रियतापूर्वक सूचना प्रवाह गर्नुपर्छ। सार्वजनिक निकायले सर्वसाधारण नागरिकलाई सुसूचित गराउन सार्वजनिक महत्त्वका सूचना आमसञ्चारका विविध माध्यमबाट समय-समयमा सार्वजनिक गर्नु/गराउनु पर्छ। भाषिक विविधता भएको नेपालमा यस्ता सूचना विभिन्न भाषामार्फत सार्वजनिक गरिनुपर्छ। यसरी सार्वजनिक निकायले स्वतःस्फूर्तरूपमा सूचना प्रवाह गर्नु वा सार्वजनिक गर्नु नै सूचनाको सक्रिय सार्वजनिकीकरण हो।

सूचनको हकसम्बन्धी ऐनको दफा-५ मा तथा नियमावलीको नियम-३ मा सार्वजनिक निकायले २० प्रकारका सूचनाको सक्रिय सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था गरेको छ। सार्वजनिक निकायले तल उल्लेखित सूचना प्रत्येक ३/३ महिनामा अद्यावधिक गरी नियमितरूपमा प्रकाशन वा प्रवाह गर्नुपर्छ।

- सार्वजनिक निकायको स्वरूप र प्रकृति तथा काम, कर्तव्य र अधिकार,
- निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण तथा ती निकायबाट प्रदान गरिने सेवा,
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी तथा सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

- निर्णय गर्ने प्रक्रिया र अधिकारी तथा निर्णयउपर उजुरी सुन्ने अधिकारी,
- सम्पादन गरेको कामको विवरण तथा सूचना अधिकारी र प्रमुखको नाम र पद,
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि,
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,
- अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
- सार्वजनिक निकायको कुनै वेवसाइट भए सोको विवरण,
- सार्वजनिक निकायको सूचना अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण,
- सार्वजनिक निकायले कुनै वैदेशिक सहायता ऋण, अनुदान आदि लिएको भए सोको विवरण,
- सार्वजनिक निकायले सम्पादन गरेका कामको प्रगति प्रतिवेदन,
- सार्वजनिक निकायले कुनै सूचना संरक्षण गरी राख्न वर्गीकरण गरेको भए त्यस्ता सूचनाको नामावली विवरण,
- अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
- सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण,
- सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण,
- सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण,
- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,
- सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि, र
- सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।

## ५.८. सार्वजनिक निकायले सूचना उपलब्ध नगराए हुने कारबाही

सूचनाको हकको पालना गर्ने सन्दर्भमा नागरिकले सूचना माग गरी दिएको निवेदनउपर सम्बन्धित सार्वजनिक निकायले सुनुवाई नगरेमा सूचनाको हकसम्बन्धी ऐनअनुसार त्यस्ता निकायका पदाधिकारीलाई कारबाही गरिन्छ भने सजाय पनि हुनसक्छ । नागरिकले माग गरेको सूचना उपलब्ध नगराएमा सार्वजनिक निकायका अधिकारीलाई ऐनको दफा-३२ मा व्यवस्था भए बमोजिम सजाँय तथा जरिवाना हुन सक्छ ।

- सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले बदनियतपूर्वक सूचना दिन इन्कार गरेमा, आंशिकरूपमा वा गलत सूचना दिएमा वा सूचना नष्ट गरेमा रु. १,००० (एकहजार) देखि रु. २५,००० (पच्चीसहजार) सम्म जरिवानाका साथै

विभागीय कारबाहीसमेत हुन्छ ।

- सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले ऐनमा उल्लेखित समयभित्र सूचना नदिएमा जति दिन ढिलाइ गरेको हो सोही अनुरुप प्रतिदिन दुईसय रूपैयाँको दरले जरिबाना गरिने व्यवस्था छ ।
- राष्ट्रिय सूचना आयोगले गरेका आदेश तथा निर्णयको पालना नगर्ने व्यक्तिलाई आयोगले १०,००० (दशहजार) रूपैयाँसम्म जरिवाना हुन सक्दछ ।
- यस्तो जरिवाना सो अधिकारीले आफ्नो तलब वा व्यक्तिगत सम्पत्तिबाट तिर्नुपर्ने हुन्छ ।

ऐनमा सार्वजनिक निकायका पदाधिकारीले सूचना नदिएमा कारबाही र सजायँ हुने व्यवस्थाका साथै सूचना दुरुपयोग गर्ने व्यक्तिलाई पनि कारबाही गर्ने व्यवस्था छ । कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो, सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्छ । यदि प्राप्त सूचना अन्य प्रयोजनका लागि दुरूपयोग गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई पाँचहजार रुपैयाँदेखि पच्चीस हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था पनि गरेको छ । सूचनाको हकको प्रयोग गरी सूचना लिने र प्राप्त सूचनाको दुरूपयोग रोक्नका लागि ऐनमा यस्तो व्यवस्था गरिएको हो ।

## ५.१०. सूचना प्राप्त नहुँदा भएको हानी नोक्सानीउपर क्षतिपूर्ति

सूचना नागरिकको लागि महत्त्वपूर्ण विषय हो । त्यसैलै सूचनालाई ज्ञान तथा सम्पत्तिको स्रोतका रूपमा लिइन्छ । समयमै सूचना नपाएका कारण कुनै बेला नागरिकलाई ठूलै क्षति पुग्न सक्ने हुनसक्छ । त्यसैलै समयमा सूचना नपाएका कारण हुनसक्ने क्षतिबापत पीडितले क्षतिपुर्ति पाउने व्यवस्था ऐनमा गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन-२०६४ को दफा-३३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरिएको छ । क्षतिपूर्ति भन्नाले सामान्य अर्थमा कुनै व्यक्ति वा बस्तुमाथि भएको हानीनोक्सानीको परिपूरण हो । ऐनमा उल्लेख भएको क्षतिपूर्ति विशुद्धरूपमा सूचनासँग सम्बन्धित छ । सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेका कारण कुनै व्यक्तिलाई हानि-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिकरूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिको माग गर्न सक्ने व्यवस्था छ ।

क्षतिपूर्ति माग गर्दा राष्ट्रिय सूचना आयोगमा क्षतिपूर्ति विवरण राखी निवेदन दिनुपर्दछ । राष्ट्रिय सूचना अयोगले निवदेकलाई पर्न गएको वास्तविक हानी-नोक्सानीलाई विचार गरी मुनासिव माफीको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराइ दिन सक्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐनमा छ ।

# भाग : तीन

# सूचना माग र प्राप्त गर्ने कार्यविधि

# सूचना माग गर्ने र प्राप्त गर्ने कार्यविधि

सूचनाको हकसम्बन्धी कानुनले सूचना प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरेको छ। यसरी सूचना प्राप्त गर्नको लागि निश्चित विधि तथा तरिकाको बारेमा समेत उल्लेख गरेको छ। कानुनले तोकेको सूचना प्राप्त गर्ने कार्यविधिले सूचनाको प्रवाहमा स्पष्टता तथा सुनिश्चितता प्रदान गर्दछ।

## ३.१. सूचना अधिकारीलाई निवेदन

सर्वप्रथम कुन सूचना चाहिएको हो सो सूचनाबारे जानकारी राख्नुपर्छ। खोजेको सूचना कुन निकाय, विभाग वा कार्यलयमा उपलब्ध हुन सक्छ भन्नेबारे जानकारी लिने कोशिश गर्नुपर्छ। त्यसपछि मात्रै सूचना माग गर्ने प्रक्रिया शुरु गर्नु सजिलो हुन्छ।

सूचनाको हकसम्बन्धी ऐन-२०६४ अनुसार कुनै पनि नागरिकले सूचना माग गर्दा सबैभन्दा पहिले सम्बन्धित कार्यालयको सूचना अधिकारीसँग सर्म्पक गर्नुपर्छ। सूचना माग गर्नका लागि ऐनको दफा–७(१) अनुसार लिखित निवेदन दिनुपर्छ। सार्वजनिक निकायका सूचना अधिकारीले निवेदन पाएपछि तुरून्त सूचना उपलब्ध गराउनु पर्छ। यदि तुरून्त सूचना उपलब्ध गराउन नसक्ने भएमा अधिकतम १५ दिनभित्र सूचना उपलब्ध गराउनुपर्छ, जुन कुरा ऐनमा स्पष्ट व्यवस्था गरिएको छ। सूचना अधिकारीलाई सूचना माग गर्दा ध्यान दिनुपर्ने वा निवेदनको ढाँचा अनुसूची १ मा उल्लेख गरिएको छ। निवेदनमा उल्लेख गर्नुपर्ने मुख्य कुरा तल उल्लेख गरिएको छ।

**मिति** : सूचना माग गर्दा दिइने निवेदनमा अनिवार्यरूपमा मिति उल्लेख गरिनुपर्छ। यसले भविष्यमा दिने उजुरी तथा पुनरावेदनको लागि आधार सृजना गर्दछ।

**सम्बोधन** : सूचना माग गर्दा सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनुपर्छ। सूचना प्रदान गर्ने मुख्य व्यक्ति सूचना अधिकारी नै भएका कारण सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन गरिनुपर्छ।

**सूचना माग्नुको कारण** : सूचना माग किन गरिएको हो त्यसको कारण निवेदनमा उल्लेख गर्नुपर्छ। ऐनले कारण उल्लेख गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ।

**सूचनाको प्रष्टता** : सार्वजनिक निकायबाट के-कस्तो सूचना माग गरिएको हो प्रष्टरूपमा निवेदनमा उल्लेख गरिनुपर्छ। सूचना अस्पष्ट भयो भने सूचना अधिकारीले मागिएको सूचनानदिने सम्भावना रहन्छ।

**सूचनाको हकसम्बन्धी कानुनी प्रावधान** : सूचना माग गरी निवेदन दिँदा 'सूचनाको हकसम्बन्धी कानुन बमोजिम यो सूचना माग गरिएको छ' भनी उल्लेख गर्दा राम्रो हुन्छ ।

**शुल्कबारे** : सूचना प्राप्त गर्न शुल्कसमेत तिर्नुपर्छ। सूचना पाउनुभन्दा पहिले नै सूचना कति पृष्ठ लामो वा कति धेरै छन् भन्ने जानकारी नहुन पनि सक्छ। त्यसकारण निवेदन दिँदा कानुन बमोजिमको शुल्क बुझाउनेछु भनी निवेदनमा उल्लेख गर्दा राम्रो हुन्छ ।

**नाम र ठेगाना** : निवेदकले सूचना माग गरी पेश गर्ने निवेदनमा आफ्नो स्पष्ट परिचय खुल्ने गरी नाम, ठेगाना, फोन नम्बर, इमेल उल्लेख गर्नुपर्छ। स्पष्ट नाम र सम्पर्क ठेगाना उल्लेख गरिएको अवस्थामा सार्वजनिक निकायले निवेदकसँग आवश्यक परेको बेला सहजरूपम सम्पर्क गर्न सक्दछ ।

**अपवादको सूचना** : कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचना हो भने सो सूचना नपाइन सक्दछ। त्यसकारण कानुनद्धारा माग्न नमिल्ने भनिएका सूचनाबारे सचेत वा जानकार हुनुपर्छ। यसले सूचना माग्ने प्रक्रियामा खर्च हुने समय बचाउन सघाउँछ ।

सूचना माग गरी निवेदन दर्ता गरेपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिका सूचना भए तत्कालै उपलब्ध गराउनुपर्छ । यदि तत्काल उपलब्ध गराउन नसकिने र उपलब्ध गराउन केही समय लाग्ने प्रकृत्तिको सूचना भए नवेदन प्राप्त भएको मितिले १५ दिनभित्र उपलब्ध गराउनुपर्छ ।

सूचना अधिकारीले त्यसरी सूचना तत्काल उपलब्ध गराउन नसकिने भएमा निवेदकलाई सोबारे तुरून्त जानकारी दिनुपर्दछ । यसका साथै सार्वजनिक निकायमा माग गरिएको सूचना कार्यालयमा जुन स्वरूपमा राखिएको छ सम्भव भएसम्म सोही स्वरूपमा उपलब्ध गराउनुपर्छ। यसले वास्तविक सूचना प्राप्त गर्नमा मद्दत पुर्‍याउँछ ।

सार्वजनिक निकायका सूचना अधिकारीसमक्ष सूचना माग गरी निवेदन दिन जाँदा उक्त कार्यालयमा सूचना अधिकारी नियुक्त भएको छैन भन्ने जानकारी प्राप्त भए पनि सूचना मागकर्ताले निवेदन दर्ता गराउनुपर्छ। तर, अन्य कारण देखाउँदै निवेदन दर्ता अस्वीकार गरिएको अवस्थामा भने तुरून्त राष्ट्रिय सूचना आयोगमा उक्त व्यहोरा खोली ठाडो उजुरी दिनुपर्छ ।

सूचनाको हकसम्बन्धी (दोस्रो संशोधन) नियमावली-२०७० ले भने सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर वा शारीरिक दुर्बलता भएमा मौखिकरूपमा पनि सार्वजनिक निकायसमक्ष सूचना माग गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी मौखिकरूपमा सूचना माग गरिसकेपछि सूचना अधिकारीले निजको मागलाई निवेदनको रूपमा लेखेर उक्त निवेदनको व्यहोरा निवेदकलाई सुनाएर निवेदनमा सहीछाप गराउनुपर्ने व्यवस्था नियमावलीमा गरिएको छ । निरक्षर र शारीरिक दुर्बलता भएका नागरिकको सूचनाको हकमा पहुँच बढाउने उद्देश्यले नियमावलीमा यस्तो व्यवस्था गरिएको हो । सूचना माग गर्दा सूचना अधिकारीलाई दिइने निवेदनको ढाँचा यसै पुस्तकको अनुसूचीमा संलग्न गरिएको छ ।

## ऐनअनुसार कार्यालय प्रमुखको जिम्मेवारी

- नागरिकको सूचनाको हकको सम्मान तथा संरक्षण्को लागि आवश्यक कार्य गर्ने ।
- कार्यालयलाई पारदर्शी बनाउन कार्यालयसँग सम्बन्धित विभिन्न सूचनाहरू स्वतःस्फूर्तरूपमा प्रकाशन तथा प्रसारण गर्ने ।
- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी र नागरिकको पहुँचसम्म पऱ्याउने ।
- सम्भव भएसम्म सूचनाको हकसम्बन्धी ऐन लागू हुनुभन्दा कम्तीमा बीसवर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित  सूचना अद्यावधिक गर्ने ।
- सूचना अधिकारी तोक्ने तथा सूचना अधिकारीलाई आवश्यक सूचना उपलब्ध गराउने ।
- सूचना अधिकारीविरूद्धको उजुरी सुन्ने आदि ।

## ३.२. कार्यालय प्रमुखसमक्ष दिइने उजुरी

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको प्रमुखलाई नै कार्यालय प्रमुखका रुपमा परिभाषित गरेको छ। कुनै कार्यालयको प्रमुखको जिम्मेवारी सम्हालेर बसेको व्यक्ति सो कार्यालयको प्रमुख हो। सूचनाको हकको प्रचलनका लागि कुनै पनि सार्वजनिक निकाय प्रमुखको भूमिका महत्त्वपूर्ण हुन्छ। कानुनअनुसार कार्यालय प्रमुखले सूचनाको अद्यावधिक गर्ने तथा प्रकाशन गर्नुपर्छ । सार्वजनिक निकायसँग सम्बन्धित सूचना अद्यावधिक र प्रकाशन भएको अवस्थामा मात्रै सूचना अधिकारीले सूचना मागकर्तालाई सहजरुपमा सूचना प्रदान गर्नसक्छ । त्यसकारण कार्यलयको सूचनाको व्यवस्थितरुपमा संग्रह गर्ने, अद्यावधिक गर्ने र सूचना प्रवाह गर्ने वातावरण निर्माण गर्ने प्रमुख दायित्व पनि कार्यालय प्रमुखकै हो ।

सूचनाको हकसम्बन्धी ऐनको दफा–४, ५ र ६ मा कार्यालय प्रमुखले सूचनाको हकको संरक्षण तथा सम्बर्द्धनका सूचना अधिकारीको नियुक्ति, कार्यालयलाई सूचनामैत्री कार्यालयको रूपमा विकास, सूचनाको स्वतर्स्फत प्रकाशनलगायतका कार्यहरू गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ ।

कानुन बमोजिम माग गरिएको सूचना सार्वजनिक निकायका सूचना अधिकारीले उपलब्ध नगराएमा कार्यालय प्रमुखसमक्ष उजुरी दिनसक्ने व्यवस्था छ। सूचनाको हकसम्बन्धी कानुनअनुसार कार्यालय प्रमुख सूचना माग गरिने दोस्रो तह तथा निकाय हो ।

### कार्यालय प्रमुखसमक्ष उजुरी गर्न सकिने अवस्था

- सूचना माग गरी दिएको  निवेदन दर्ता नगरिएमा,
- सूचना अधिकारीले माग गरेको सूचना उपलब्ध नगराएमा,
- गलत तथा आंशिक मात्रै सूचना उपलब्ध गराएमा,
- १५ दिनभित्र मागेका सूचनाको सम्बन्धमा कुनै जवाफ नदिएमा,
- सूचना मागकर्तालाई सरोकारवाला होइन भनी सूचना नदिएमा ।

कार्यालय प्रमुखलाई सूचना माग गरी उजुरी दिँदा कार्यालय प्रमुखसँगै सूचना माग गर्नुका कारण वा सूचना अधिकारीले दिएको जवाफ तथा व्यवहारबारे निवेदनमा स्पष्टरूपमा उल्लेख गर्नुपर्छ। सूचना अधिकारीसमक्ष निवेदन दिएको मितिले १५ दिनसम्म पनि सूचना प्राप्त नभएमा वा सूचना अधिकारीले कुनै पनि निर्णय गरेको मितिले ७ दिनभित्र कार्यालय प्रमुखलाई निवेदन दिइसक्नुपर्छ।

सूचनाको हकसम्बन्धी कानुन बमोजिम कार्यालय प्रमुखसमक्ष उजुरी प्राप्त भएपछि कार्यालय प्रमुखबाट निम्न बमोजिमको कार्यहरू गर्नुपर्छ :

उजुरी प्राप्त भएपछि कार्यालय प्रमुखले त्यसउपर आवश्यक जाचँबुझ गर्नुपर्छ। सूचना अधिकारीले बदनियतपूर्वक सूचना उपलब्ध नगराएको वा आंशिक वा असम्बन्धित सूचना उपलब्ध गराएको देखिएमा सूचना अधिकारीलाई कानुन बमोजिम विभागीय कारबाही गर्नुपर्छ भने माग गरिएको सूचना उपलब्ध गराउन आदेश दिनुपर्छ। कानुन बमोजिम सूचना उपलब्ध गराउन नमिल्ने भएमा त्यसको कारण खोली निवेदकलाई जानकारी दिनुपर्छ। कार्यालय प्रमुखले यस्तो निर्णय उजुरी प्राप्त भएको ७ दिनभित्र गरिसक्नु पर्ने व्यवस्था ऐनको दफा–८(२), ८(३), ८(४) मा गरिएको छ।

सूचना अधिकारीबाट माग गरिएको सूचना उपलब्ध नभएमा त्यसविरूद्ध कार्यालय प्रमुखलाई दिइने उजुरीको ढाँचा यसै पुस्तकको अनुसूचीमा उल्लेख गरिएको छ।

## ३.३. राष्ट्रिय सूचना आयोगमा दिइने उजुरी तथा पुनरावेदन

राष्ट्रिय सूचना आयोग सूचनाको हकको संरक्षण, प्रबर्द्धन तथा सम्बर्द्धनका लागि स्थापित स्वतन्त्र निकाय हो। नागरिकले माग गरेको सूचना सार्वजनिक निकायले सूचना नदिएमा सूचना आयोगमा उपचारको लागि उजुरी दिनसक्छ।

सामान्यत: सार्वजनिक निकायका अधिकारीले माग गरेको सूचना उपलब्ध नगराएमा, गलत तथा आंशिक सूचना उपलब्ध गराएमा, सूचना माग गरेको निवेदन तथा उजुरीको समयभित्र सुनुवाई नगरेमा, निवेदन तथा उजुरी दर्ता गर्न अस्वीकार गरेमा, बढी शुल्क लिएमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ अनुसार सूचना पाउनका लागि आयोगमा उजुरी दिन सकिन्छ। यसका साथै सार्वजनिक निकायका पदाधिकारीलाई कानुन बमोजिम कारबाहीको मागसमेत उजुरी तथा पुनरावेदनमा गर्न सकिन्छ।

सूचनाको हकसम्बन्धी ऐनअनुसार सूचना अधिकारीले सूचना नदिएको वा सूचना अधिकारीको निर्णय चित्त नबुझी सूचना अधिकारीविरूद्ध कार्यालय प्रमुखसमक्ष परेको उजुरीको अवस्थामा कार्यलय प्रमुखले कानुन बमोजिम जाँचबुझ गरी सूचना दिनुपर्छ। यदि सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सूचना दिन नमिल्नुका वस्तुगत कारणसमेत उल्लेख गरी निवेदकलाई जानकारी दिनुपर्छ। तर, सूचना मागकर्ताले कार्यालय प्रमुखबाट समेत चित्तबुझ्दो जवाफ नपाएमा वा लिखित जानकारी प्राप्त नगरेको अवस्थामा आयोगसमक्ष उजुरी वा पुनरावेदन गर्न सकिन्छ। तर सूचना दिन नसकिने कुराको बारेमा लिखित जानकारी नदिएमा वा कुनै प्रतिकृया नदिएमा आयोगमा उजुरी दिनु पर्दछ। कार्यालय प्रमुखले लिखत रूपमा सूचना दिन नसकिने कारण नदिएको

अवस्था बाहेका अन्य अवस्था मा पनि आयोगमा उजुरी दिन सकिन्छ । निवेदन तथा उजुरी दर्ता नगर्ने, कानुनी समय भित्र निर्णय नगर्ने, सूचना अधिकारी नतोक्ने, सूचना नष्ट गर्ने आदि भएको अवस्थामा ती निकाय तथा अधिकारीका विरुद्धमा आयोगमा उजुरी गर्न सकिन्छ ।


सूचना दिन नसकिने कुराबारे सूचना मागकर्तालाई लिखित जानकारी वा कुनै प्रतिर्क्रिया नदिएमा आयोगमा उजुरी दिनुपर्छ । कार्यालय प्रमुखले लिखतरूपमा सूचना दिन नसकिने कारण नदिएको अवस्था बाहेक सार्वजनिक निकायले निवेदन तथा उजुरी दर्ता नगरेको, तोकिएको समयभित्र निर्णय नगरेको, सूचना अधिकारी नतोकेको, सूचना नष्ट गरिएको जस्ता अवस्थामा ती निकाय तथा अधिकारीविरूद्ध आयोगमा उजुरी गर्न सकिन्छ ।पुनरावेदन गर्दा कार्यालय प्रमुखले गरेको निर्णय ३५ दिन भित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नु पर्दछ । राष्ट्रिय सूचना आयोग काठमाडौँ मा भएको अवस्थामा पनि हुलाक, जिल्ला प्रशासन तथा सम्बन्धीत कार्यालय मार्फत उजुरी तथा पुनरावेदन आयोगमा पठाउन सकिन्छ ।

यसका साथै राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई सूचना उपलब्ध गराउनु भन्ने आदेश गरे तापनि सोको बेवास्ता गर्ने वा आदेशको उल्लङ्घन गर्ने कार्यालय प्रमुखलाई आदेश पालना गर्न लगाउनका लागि पनि आयोगमा उजुरी दिन सकिन्छ ।

सूचना माग गरी दिएको उजुरीमाथि कुनै कार्यालय प्रमुखको निर्णय चित्त नबुझेको अवस्थामा निर्णय भएको ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुपर्छ । आयोगको काठमाडौंस्थित कार्यालयमा हुलाक, जिल्ला प्रशासन तथा सम्बन्धित कार्यालयमार्फत उजुरी तथा पुनरावेन पठाउन सकिन्छ । पुनरावेदन दर्ता भएको ६० दिनभित्र राष्ट्रिय सूचना आयोगले दर्ता पुनरावेदनको अन्तिम निर्णय गर्नुपर्ने व्यवस्था सूचनाको हकसम्बन्धी कानुनमा गरिएको छ । त्यसैगरी आयोगमा परेको उजुरीको सम्बन्धमा आयोगले ४५ दिनमैनिर्णय गर्नु पर्ने व्यवस्था पनि कानुमा गरिएको छ ।

स्याङ्जाका जिल्ला न्यायाधीश चित्रदेव जोशीले पृथ्वीजयन्तीको अवसरमा आयोजना गरिएको कार्यक्रममा राजाको आलोचना गरेको भनी आरोप लगाइयो । सोही आरोपका आधारमाा न्यायपरिषद्ले २०६३ चैतमा जोशीलाई न्यायाधीश पदबाट बर्खास्त गऱ्यो । स्पष्टीकरणको मौकासमेत नदिइ बर्खास्त गरिएको भन्दै जोशीले के–कस्ता प्रमाणका आधारमा दोषी बनाइएको हो, त्यससँग सम्बन्धित सूचना पाउँ भनी २०६६ पुष २८ गते न्यायपरिषद्का सूचना अधिकारीसमक्ष निवेदन दिए ।

सूचना अधिकारीले यस्तो सूचना दिन नमिल्ने मौखिक जवाफ दिएपछि उनले परिषद् बाट मिसिलको कागजात झिकाइ पाउँ भनेर सूचना आयोगसमक्ष पुनरावेदन गरे । आयोगले न्यायपरिषद् सचिवालय प्रमुखका नाममा सूचना दिन आदेश जारी गऱ्यो । न्यायपरिषद्ले सुरूमा सूचना दिन इन्कार गरे तापनि अन्ततः सबै सूचना सार्वजनिक गर्न परिषद् बाध्य भयो । जोशीले सात वर्षअघि गरेको भाषण परिषद्ले दाबी गरेजस्तो नभेटिएको वा उनलाई जागिरबाटै हटाउनु पर्ने प्रकृत्तिको नभएको पुष्टी भयो । सर्वोच्च अदालतले २०६९ भदौ १४ मा न्यायधीश जोशीको पक्षमा फैसला गरेपछि उनको पुनःबहाली गरिएको थियो । सूचनाको हकको उपयोगका कारण उनलाई पुनःबहाली गराउन महत्त्वपूर्ण भूमिका खेलेको थियो । २०६९ मंसिर २५ देखि उनले रसुवामा जिल्ला न्यायाधीशको भूमिकामा काम सरू गरेका छन् ।




आयोगमा उजुरी वा पुनरावेदन दर्ता गराउनका लागि सूचनाको हकसम्बन्धी नियमावलीले स्पष्ट ढाँचा तयार पारेको छ। सोही ढाँचामा आधारित भएर पुनरावेदन तयार गर्नुपर्छ।

## ३.४.राष्ट्रिय सूचना आयोग

प्रत्येक नेपाली नागरिकको सूचनाको हक सुनिश्चत गर्न तथा सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच बढाउन सबै सार्वजनिक निकाय उत्तरदायी र जिम्मेवार हुनुपर्छ। यी निकायलाई सूचनाको हकको कार्यन्वयनका सम्बन्धमा आवश्यक सहयोग गर्न तथा नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन तथा प्रचलन गराउनको लागि ऐनले एउटा स्वतन्त्र निकायको व्यवस्था गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन–२०६४ को दफा–११ मा उल्लेख भएअनुसार सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न लागि राष्ट्रिय सूचना आयोग गठनको व्यवस्था गरिएको छ। सोही व्यवस्थाका आधारमा २०६५ सालमा स्वतन्त्र निकाय राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो। सूचना आयोगले सार्वजनिक निकायले सूचना नदिएको अवस्थामा सार्वजनिक निकायविरूद्ध उजुरी सुन्न सक्ने अधिकार राख्दछ। साथै सूचनाको हकको संरक्षण तथा प्रचलनमा सार्वजनिक निकायलाई निर्देशनसमेत जारी गर्न सक्छ। यसरी हेर्दा राष्ट्रिय सूचना आयोग एउटा स्वतन्त्र अर्धन्यायिक निकाय हो, जसले सूचनाको हक संरक्षणका लागि अभिभावकको भूमिका निर्वाह गर्दछ।

### ३.४.१. आयोगको संरचना र नियुक्ति

सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि गठित आयोगमा एक प्रमुख र दुईजना सूचना आयुक्त गरी तीनजना रहने व्यवस्था ऐनमा गरिएको छ।

आयोगमा सूचना आयुक्तहरूको नियुक्तिका लागि सिफारिस गर्न एउटा समिति रहने व्यवस्था ऐनमा गरिएको छ। सभामुखको अध्यक्षतामा सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष समितिका सदस्य हुन्छन्। नियुक्तिको सिफारिस गर्दा

अपनाउने कार्यविधि समिति आफैंले निर्धारिण गरे बमोजिम हुने व्यवस्था ऐनमा गरिएको छ। यसरी सूचना आयोगमा आयुक्तहरूको नियुक्तिका लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तलाई अनुसरण गर्नुपर्छ। सोही समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्त गर्छ। यसरी नियुक्त गर्दा कम्तीमा एकजना महिला अनिवार्य समावेश गर्नैपर्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐनको दफा–११ (४) मा उल्लेख गरिएको छ।

नेपालमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ लागू भएपछि २०६५ सालमा पहिलो पटक आयोग गठन भएको थियो। आयोगमा विनयकुमार कसजूलाई प्रमुख आयुक्त, श्री आचार्य र सविता भण्डारी बराललाई आयुक्तको रूपमा नियुक्त गरिएको थियो। उनीहरूको पाँचवर्षे कार्यकाल सकिएपछि संसद नभएका कारण आयोगमा आयुक्तहरूको नियुक्ति हुन सकेको थिएन। संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भइसकेका कारण सिफारिस समितिको गठन हुन सक्ने भएकोले सो समितिको सिफारीसमा नेपाल सरकारले छिट्टै आयोगमा आयुक्तहरू नियुक्त हुने सम्भावना छ।


## ३.४.२. आयोगका काम, कर्तव्य र अधिकार

सूचनाको हकको संरक्षण, प्रबर्द्धन तथा प्रचलनका लागि राष्ट्रिय सूचना आयोगलाई सूचनाको हकसम्बन्धी ऐनले निश्चित अधिकार र जिम्मेवारी प्रदान गरेको छ। ऐनको दफा–१९ मा उल्लेख भएअनुसार आयोगका काम, कर्तव्य र अधिकार निम्न छन् :

- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने।
- सार्वजनिक निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सुचिकृत गरी व्यवस्थित गरेर राख्न आदेश दिने।
- नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।
- समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।
- सूचनाको हकसम्बन्धी ऐन बमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने।
- नेपाल सरकार तथा सूचना सञ्चारसम्बन्धी विभिन्न निकायलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाब दिने वा सिफारिस गर्ने।
- सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आवश्यकताअनुसार उपयुक्त आदेश दिने आदि जिम्मेवारी आयोगलाई ऐनले तोकेको छ।

## सूचना मागसम्बन्धी रेखा चित्र र व्याख्या

नागरिकले सार्वजनिक निकायसमक्ष विभिन्न तरिकाले सूचना माग गर्न सक्दछ। विभिन्न अवस्थामा सूचना माग गर्न सकिने प्रावधानबारे तल व्याख्या गरिएको छ।




- सूचना माग गर्दा के सूचना चाहिएको हो र कहाँ पाउन सकिन्छ भन्ने निश्चित भएपछि सूचना माग गरी निवेदन लेख्नुपर्छ।
- सूचना मागको निवेदन सूचना अधिकारीसमक्ष दर्ता गर्नुपर्छ। यदि कार्यालयमा सूचना अधिकारी नभएको अवस्था भए पनि सूचना अधिकारीकै नाममा निवेदन दर्ता गर्नुपर्छ।
- सूचना माग गर्दा निवेदन दर्ता गर्न नमाने वा अधिकारीबाट माग गरिएको सूचनाबारे कुनै प्रतिक्रिया नपाए, समयमै सूचना प्राप्त नभए, गलत वा आशिंक

सूचना दिएको अवस्थामा वा सरोकारवाला होइन भनी सूचना नदिएमा त्यस्ता सूचना अधिकारीविरूद्ध सोही कार्यालयको प्रमुखलाई उजुरी गर्नुपर्छ ।

- कार्यालय प्रमुखले सूचना माग गरी दिएको निवेदन दर्ता नगरेमा, माग गरे बमोजिम सूचना नदिएमा, निवेदनउपर समयमै निर्णय नगरेमा, सूचना दिनु नपर्ने निर्णय गरेमा सो कार्यालय प्रमुखविरूद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी तथा पुनरावेदन गर्न सकिन्छ ।
- कार्यालयमा सूचना अधिकारी नभएमा वा निवेदन दर्ता गर्न नमानेमा सिधै कार्यालय प्रमुख समक्ष उजुरी गर्न सकिन्छ ।
- कार्यालय प्रमुखले नै सूचना अधिकारीको हैसियतमा निर्णय गरेको छ भने कार्यालय प्रमुख वा सूचना अधिकारीले सूचना मागकर्तालाई हतोत्तसाही गरेको अवस्थामा सिधै राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिन्छ ।
- सूचना अधिकारी नियुक्त नगरेको, सूचना नष्ट गरेको पाइएमा त्यसविरूद्ध सोझै राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिन्छ ।

# भाग : चार

# स्थानीय तहमा प्रयोगका क्षेत्र तथा सम्भावना

# स्थानीय तहमा प्रयोगका क्षेत्र तथा सम्भावनाहरू

सूचनाको हकअन्तर्गत सूचना माग गर्ने, प्राप्त गर्ने र त्यसको प्रयोग गर्ने जस्ता अधिकार पर्दछन्। सामान्यतया सूचनाको हक पत्रकारिता गर्ने व्यक्तिका लागि मात्र उपयोगी हो कि भन्ने लाग्न सक्छ। तर, वास्तवमा सूचनाको हकसम्बन्धी ऐन-२०६४ ले प्रत्येक नेपाली नागरिकलाई यो अधिकार प्रदान गरेको छ। यो अधिकार पत्रकारका लागि मात्रै नभइ समस्त नेपाली नागरिकको हक-अधिकार उपयोग गर्नका लागि हो।

स्थानीयस्तरमा सूचनाको हकको प्रयोग अझ महत्त्वपूर्ण हुन्छ। यसले एकातर्फ नागरिकलाई सार्वजनिक विषयमा जानकार हुन मद्दत पुऱ्याउँछ भने अर्कोतर्फ सार्वजनिक निकाय र तिनका पदाधिकारीलाई उनीहरूका काम कारबाहीप्रति जिम्मेवार बनाउँछ। स्थानीयस्तरमा सूचनाको हकको प्रयोग विविध किसिमले गर्न सकिन्छ। स्थानीयस्तरमा सूचनाको हकको प्रयोग गर्न सकिने क्षेत्र तथा सम्भावना धेरै छन्।

## ४.१ बजेट तथा विकास निर्माणका कामको निगरानी

नेपाल सरकारले स्थानीय निकाय जस्तैः गाउँ विकास समिति, जिल्ला विकास समिति, नगरपालिका आदि क्षेत्रलाई सम्बन्धित क्षेत्रका विकासका लागि वार्षिकरूपमा नियमित बजेट बिनियोजन गरिएको हुन्छ। विशेषगरी विकास निर्माणका काममा राज्यले बिनियोजन गरेको बजेटमा व्यापक मात्रामा अनियमितता हुने खतरा हुन्छ। त्यसकारण सार्वजनिक निकायले आफ्नो क्षेत्रमा सञ्चालन गरेका आर्थिक क्रियाकलाबारे नागरिकले निगरानी राख्नुपर्छ।

स्थानीय निकायमा नेपाल सरकारबाट प्राप्त बजेट उक्त क्षेत्रकै समग्र विकास निमार्णका लागि खर्च गर्नुपर्ने कानुनी बाध्यता हुन्छ। स्थानीय निकायमा के-कति बजेट प्राप्त भइरहेको छ र उक्त र कम कुन-कुन शीर्षकमा के-कति खर्च भइरहेको छ भन्नेबारे जान्ने अधिकार सूचनाको हकसम्बन्धी ऐनले प्रत्येक नेपाली नागरिकलाई दिएको छ। यस्ता सूचना नागरिकले सामान्य निवेदन दिएर माग गर्न सक्छन्। यसरी निवदेन दिएको अवस्थामा सम्बन्धित निकायका सूचना अधिकारी एवं कार्यालय प्रमुखले सूचना उपलब्ध गराउनै पर्ने दायित्व ऐनमा उल्लेख गरिएको छ।

यसरी सूचना माग गरिसकेपछि सम्बन्धित क्षेत्रको विकास निमार्णका लागि बिनियोजित बजेट कसरी खर्च भइरहेको छ भन्ने कुरा नागरिकले थाहा पाउँछन्। यसका साथै सञ्चालनमा आएका विकास निर्माणका कामहरू बिनियोजित बजेट र सम्बन्धित पक्षबीचको सम्झौताअनुरूप गरिएका

छन् कि छैनन् भन्ने पनि जानकारी हुन्छ । संकलित सूचनाका आधारमा विकास निर्माणका लागि बिनियोजित रकमअनुसार काम नभएका वा अनियमिता भएको आशंका लागेमा आवश्यक उपचार का निम्ति सम्बन्धित निकाय जस्तै: अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दिन सकिन्छ ।

नेपालमा विकास निर्माणका कामका लागि स्थानीय निकायमा बिनियोजन गरिएको ठूलो धनराशी तोकिएको समयभित्र खर्च नहुने र बजेट फ्रिज भई फिर्ता हुने गरेका छन् । नागरिकले समयमै सूचनाको हकको प्रयोग गरी विकास निर्माण काम तोकिएको समयमा भए/नभएको वा बजेट फ्रिज हुने अवस्था रहे/नरहेको जानकारी लिन सक्छन् । बिनियोजित रकमको सदुपयोग गरी समयमै काम गराउन र बजेट फ्रिज हुनबाट रोक्नका लागि नागरिक दबाब दिन पनि सूचनाको हकको प्रयोग गर्न सकिन्छ ।

काठमाडौँ जिल्ला कपन क्षेत्रमा सडक निर्माण प्रक्रिया अचानक बन्द भएपछि स्थानीय सर्वसाधारणले सास्ती भोग्नु परेको थियो । त्यसपछि स्थानीय सर्वसाधारणले सूचनाको हकको प्रयोग गरी निर्माणाधीन सडक लागत र अन्य प्राविधिक पक्षबारे जिल्ल्ला विकास समितिको कार्यालय काठमाडौँमा सूचना माग गरे । २०६९ सालमा मागिएको सूचनाबाट उक्त सडक निर्माणका लागि पर्याप्त बजेट बिनियोजन भएको तर ठेकदारको लापरबाहीको कारण ले गर्दा सो रोकिएको थाहा भयो । त्यसपछि स्थानीयबासी काठमाडौं जिविसमा डेलिगेशन गएर सडक मर्मत प्रक्रिया तत्काल सुरू गर्न दबाव दिए । उनीहरूको दबाबपछि त्यस क्षेत्रको सडक निर्माण प्रक्रिया सुचारू भयो ।

राज्यले स्थानीयस्तरका खाने पानी, कुलो, बाटो, ढल, पुल पुलेसा, भवन निमार्णका साथै शिक्षा, स्वास्थ्य, जनचेतना अभिवृद्धि, सामाजिक सुरक्षाभत्ता आदि शीर्षकमा बजेट बिनियोजन गरेको हुन्छ । त्यसको निगरानीका गरी भ्रष्टाचार र अनियमितता क्नका लागि सूचनाको हकको प्रयोग उपयोगी हुन्छ ।

## ४.२. सञ्चालनमा रहेका कार्यक्रमको निगरानी

नेपाल जातीय, भाषिक, सास्कृतिक र भौगोलिकरूपले विविधतायुक्त मुलुक हो । नेपालकम आर्थिक, सामाजिक-सांस्कृतिक र विकास आदिका दृष्टिले असमानता वा विभेद कायमै छ । सामाजिक न्याय, समतामुलक समाज निर्माणका लागि भन्दै नेपाल सरकारका साथै विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

विभिन्न क्षेत्रमा विद्यमान आर्थिक, सामाजिक-सांस्कृतिक समस्यालाई न्यूनीकरण वा समाधान गर्ने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएका छन् । यस्ता कार्यक्रमका विभिन्न लक्षित समुदाय छन् । जस्तै : जाजरकोट जिल्लामा खाद्यान्न अभाव र खाद्यान्न सरसफाई आदि सवालमा सरकारी र गैरसरकारी संस्थाहरूले काम गरिरहेका छन् । जिल्लाबासीलाई खाद्यान्नको सुरक्षित भण्डारण एवं खाद्यान्नको पोषण तत्व संरक्षण र सरसफाईका लागि नेपाल सरकारका साथै गैरसरकारी संस्थाहरूले विभिन्न किसिमका सीपमूलक तालिम र भौतिक सहायता उपलब्ध गराइरहेका छन् । त्यसैगरी धेरै जिल्लामा खुला दिसापिसाब मुक्त घोषणा गरी रोगको संक्रमण घटाउने अभियान नै

चलेको छ । नेपाल सरकारका साथै गैरसरकारी संस्थाहरूले चर्पी बनाउनका लागि नगद सहयोग उपलब्ध गराउँदै आइरहेका छन् ।

सूचनाको हकको प्रयोग गरेर त्यस्ता कार्यक्रमको विवरण, कार्यक्रम कार्यान्वयन प्रक्रिया, बिनियोजित बजेट, खर्च विवरण आदिबारे जानकारी लिन सकिन्छ । सूचनाको हकसम्बन्धी ऐन-२०६४ ले सरकारी निकायमात्र नभइ गैरसरकारी निकायका साथै नेपालमा सञ्चालित सबै अन्तर्राष्ट्रिय दातृ निकायलाई पनि सार्वजनिक निकायको रुपमा परिभाषित गरेको छ। त्यसकारण ती निकायले गरेका काम कारबाहीबारे सूचना माग गरेर उनीहरूलाई पारदर्शी र जवाफदेही बनाउन दबाब दिन सकिन्छ । यसरी नागरिकले सूचनाको हक प्रयोग गरी सरकारी तथा गैरसरकारी निकायहरूलाई जवाफदेही बनाउँदा बिनियोजित रकमको दुरूपयोग हुन पाउँदैन भने लक्षित समुदाय सञ्चालित कार्यक्रमबाट लाभान्वित समेत हुन्छन् । त्यसकारण स्थानीय तहमा भइरहेका सरकारी तथा गैरसरकारी कार्यालयका कामबारे निगरानी गर्ने र भ्रष्टाचार न्यूनीकरणका लागि पनि नागरिकले सचेततापूर्वक सूचनाको हकको प्रयोग गर्नुपर्छ ।

> बाँके जिल्लामा सूचनाको हकको प्रयोगबाट प्राप्त सूचनाका आधारमा नेपालगञ्ज नगरपालिकामा विद्युत आपूर्तिसँग सम्बन्धित विषयलाई पुनरावेदन अदालत बाँकेमा रिट निवेदन दर्ता गराएका सूचना अधिकार अभियन्ताहरुले पुनरावेदन अदालत बाँकेद्धारा उक्त रिट निवेदनको फैसला नभएसम्मका लागि नेपालगञ्ज नगरपालिका क्षेत्रमा लोडसेडिङ नर्गनका लागि अन्तरिम आदेश लिन सफल भए ।

## ४.३.सेवा प्रवाह प्रक्रियाबारे जानकारी

सूचनाको हकको प्रयोग स्थानीयस्तरमा सरकारी तथा गैरसरकारी संस्थाको गतिविधलाई अनुगमन गर्नुमा मात्रै सीमित छैन । नागरिकले स्थानीय निकायको कार्यसम्पादन प्रक्रियाबारे जानकार हुने अधिकार पनि ऐनमा स्पष्टरूपमा व्यवस्था गरिएको छ । सबै नागरिक कुनै न कुनै तबरले प्रत्येक दिनजस्तो सार्वजनिक निकायबाट सेवा लिइरहेका हुन्छन् । कुनै बच्चाको जन्मपछि गरिने जन्मदर्ता होस् वा मृत्युपछि गरिने मृत्युदर्ता वा जीवन निर्वाहका लागि गरिने अधिकांश क्रियाकलापको सम्बन्ध सार्वजनिक निकायसँग हुने गर्दछ । त्यसकारण चाहेर वा नचाहेर पनि जीवन निर्वाहका क्रममा सार्वजनिक निकायले व्यवस्था गरेका प्रक्रियाहरूको पालना गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा धेरैजसो नागरिकलाई सार्वजनिक निकायबाट काम गर्दा/गराउँदा अवलम्बन गर्नुपर्ने प्रक्रियाबारे पूर्ण जानकारी छैन । यसरी ती प्रक्रियाबारे बेखवर भएकै कारण नागरिकले सार्वजनिक निकायबाट अनावश्यक हैरानी व्यहोर्नु पर्ने, समयको बबार्दी हुने र घुससमेत दिएर आफ्नो काम गराउन बाध्य भइरहेका छन् ।

यस्तो अवस्थामा सूचनाको हकको व्यवहारिक प्रयोग गर्न सकेको खण्डमा नागरिकले धेरै हैरानी व्यहोर्नु पर्दैन । सूचनाको हकका कारण नागरिकले सार्वजनिक निकायबाट प्रवाह हुने सेवाको प्रक्रियाबारे जानकारी पाउँछन् भने सेवा प्राप्तिका क्रममा पालना गर्नुपर्ने सम्पूर्ण प्रक्रियाबारे पनि

जानकार हुन्छन् । यसकारण नागरिकले हैरानी व्यहोर्नु पर्ने वा घुस दिएर काम गराउनु पर्ने अवस्था आउँदैन ।

> २०६५ भदौ २ गते राती सप्तकोशीको तटबन्ध भत्किँदा सुनसरीका गाउँमा पसेको बाढीका कारण ठूलो मात्रामा धनजनको क्षति भयो । बाढी पीडितको राहतका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आर्थिक सहयोग सङ्कलन गरेको थियो । यसरी सङ्कलन गरिएको राहत रकम पीडितले भने पाएका थिएनन् । सरकारले जम्मा भएको रकम पीडितसम्म पुऱ्याउने अभियानस्वरूप फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले २०६५ कात्तिक २५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयसँग सङ्कलित रकम वितरणको अवस्थाबारे सूचना माग गरेका थिए । प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयले उपलब्ध गराएको सूचनामा बाढी पीडितको उद्दार र पुनःनिर्माणका लागि सरकारले दुई अर्ब ६० करोड छुट्याएको उल्लेख थियो । उद्दारका लागि सरकारले विभिन्न मन्त्रालयबाट समेत बजेट छुट्याएको जानकारी गृहले दियो । सरकारले छुट्याएको राहत रकमको सूचना बाढी पीडितलाई जानकारी दिइयो । त्यसपछि बाढी पीडितले सरकारले छुट्याएको वास्तविक राहतको र कमको खोजी र दाबी गर्न थालेका थिए ।

मोटरसाइकलको ब्लूबुक (Blue Book) नवीकरणको एउटा नमुना यहाँ उदाहरणको रूपमा चर्चा गरिएको छ। एउटा 'क' भन्ने व्यक्ति मोटरसाइकलको ब्लूबुक नवीकरण गर्न चाहन्छ, तर उसलाई यो प्रक्रियाबारे जानकारी छैन । 'क'ले जानकारी नभएका कारण एजेन्टको सहायता लिनुपर्ने अवस्था आउँछ। एजेन्टले उसलाई ब्लूबुक नवीकरण प्रक्रिया अन्यन्त झन्झटिलो भएको र छिटो सम्पन्न गर्न यातायात व्यवस्था कार्यालयका कर्मचारीलाई केही पैसा खुवाउनु पर्ने कुरा राख्छ । यस्तो अवस्थामा उक्त व्यक्तिले बाध्य भएर एजेन्टमार्फत ब्लूबुक नवीकरण गराउन पैसा दिन्छ र नवीकरण गर्छ ।

यदि 'क' भन्ने व्यक्तिले सूचनाको हकको प्रयोग गरेको भए ब्लूबुक नवीकरण गर्ने प्रक्रियाबारे सहजै जानकारी हुन्थ्यो। यसले उसलाई आर्थिक र मानसिक बोझ कम हुन्थ्यो। यातायात व्यवस्था कार्यालयमा रहेको नागरिक बडापत्रमा ब्लूबुक नवीकरण गर्ने प्रावधानबारे लेखिएको छ । जुन बडापत्रमार्फत नवीकरण प्रक्रियाबारे आवश्यक जानकारी लिएर सोहीअनुरूप काम गर्न सम्बन्धित कर्मचारीलाई दबाब दिन सक्थ्यो। यसले मानसिक र आर्थिक दबाब झेल्नु पर्ने अवस्थाबाट मुक्ति दिन्थ्यो । त्यसैले स्थानीय निकाय पनि सूचनाको हकको प्रयोग गरी सेवा पाउने प्रक्रियाबारे जानकारी लिनुपर्छ।

## ४.४. सार्वजनिक निकायको क्षमता अभिवृद्धि

अघिल्लो परिच्छेदमा चर्चा गरेझैं सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना माग गर्ने पक्ष (नागरिक) र सूचना उपलब्ध गराउने पक्ष (सार्वजनिक निकायका सूचना अधिकारी एवं कार्यालय प्रमुख) सूचनाको हकसम्बन्धी सैद्धान्तिक एवं प्रक्रियागत विषयमा जानकार हुन अति

आवश्यक छ । विशेषगरी दुर्गम जिल्लामा रहेका स्थानीय निकाका पदाधिकारीहरू सूचनाको हकको प्रयोग र प्रचलनका सम्बन्धमा पर्याप्त मात्रामा जानकार नभएको तथ्य विभिन्न समयमा गरिएका अध्ययनहरूले देखाएका छन् ।

नेपाल सरकारले स्थानीय तहका सार्वजनिक निकायलाई सूचनाको हकको प्रचलनका लागि आवश्यक निर्देशन दिएको छैन भने अर्कोतिर सूचना अधिकारीको नियुक्ति गर्ने र उनीहरूलाई आवश्यक तालिम प्रदान गर्ने तत्परता देखाएको छैन । यस्तो अवस्थामा सूचनाको हकको प्रबर्द्धनमा संलग्न संस्थाहरूले स्थानीय नागरिकलाई सूचनाको हकको प्रयोगका सम्बन्धमा प्रशिक्षित र उत्साहित गराइरहेका छन् । अर्कोतिर सरकारी प्रयत्नको अभावका कारण सार्वजनिक निकायका पदाधिकारी सूचनाको हकको प्रयोगका सन्दर्भमा पर्याप्त जानकार भएको पाईदैन । ऐन कार्यान्वयन गर्नुपर्ने निकायका अधिकारीहरूले नै नागरिकको सूचनाको हक, सार्वजनिक निकायको दायित्वबारे जानकार नहुँदासम्म सूचनाको हकसम्बन्धी ऐन प्रभावकारीरूपमा कार्यान्वयन हुन सक्दैन। तर, नागरिक यो ऐनबारे जानकार भएर यसको कार्यान्वयनका लागि दबाब दिन सकेको अवस्थामा ऐनको कार्यान्वयन हुन्छ। त्यसकारण सूचनाको हकसम्बन्धी ऐन र कानुनबारे अन्य नागरिकलाई जानकारी गराउनु नागरिक दायित्व हो ।

> सूचनाको हकको प्रयोगबाट बिगत लामो समयदेखि नेपालमा सञ्चालनमा रहेका ठूला तथा प्रतिष्ठित कम्पनीहरूले रू. ६ अर्ब ५९ करोड ७७ लाख बराबर कर छलेको कुरा बाहिर आएको छ । सूचनाको हक प्रबर्द्धनका लागि सञ्चालित गैरसरकारी संस्था फ्रिडम फोरम र राष्ट्रिय सूचना आयोगको प्रयत्नमा कर छली गर्ने कम्पनीहरूको नाम सार्वजनिक भएको थियो ।

सूचनाको हकको व्यवहारिक प्रयोगका सम्बन्धमा आफू जानकार भइसकेपछि यसलाई प्रचलन वा कार्यान्वयन गराउने निकायका जिम्मेवार पदाधिकारीलाई सचेत गराउनु पर्छ । सूचनाको हक कार्यान्वयनका लागि स्थानीयस्तरमा नागरिकले आवाज उठाएमा स्थानीय सार्वजनिक निकायले गम्भीरतापूर्वक लिनैपर्छ र त्यसरी नागरिकले उठाएका सवालको जवाफ दिनुपर्छ। यसरी उठाइएका आवाज निकै हदसम्म सफल भएका विभिन्न उदाहरण पनि छन् । यसरी स्थानीय निकायको सेवा प्रवाहमा सुधार ल्याउन, ती निकायका अभिलेख दुरूस्त पार्न र सूचना प्रवाहलाई सर्बसुलभ बनाउन सूचनाको हकको प्रयोग निम्न बमोजिम गर्न सकिन्छ :

- स्थानीय निकायबाट सम्पादन हुने विभिन्न सवालबारे सूचना माग गरी निवेदन दिएर ।
- सूचना माग गरी दिएको निवदेन दर्ता गर्न अस्वीकार गरेमा तुरून्त राष्ट्रिय सूचना आयोगमा उजुरी दिएर ।
- स्थानीय निकायसँग सूचनाको हकको सैद्धान्तिक एवं व्यवहारिक पक्षबारे निरन्तर छलफल, अन्तरर्क्रिया, बहस गर्ने र सूचना अधिकारी नियुक्तका लागि दबाब दिएर ।
- सूचनाको हकको प्रबर्द्धनका लागि सञ्चालित विभिन्न सघंसस्थामार्फत उपलब्ध गराइएका प्रचारका सामाग्रीहरू स्थानीय निकायका पदाधिकारीलाई उपलब्ध गराएर आदि ।

# भाग : पाँच

# सूचनाको हकबारे ज्ञानको अभिवृद्धि गर्ने उपाय

# नागरिकमा सूचनाको हकबारे ज्ञानको अभिवृद्धि गर्ने उपायहरू

सूचनाको हकबारे परिचय र यसको प्रक्रियाबारे जानकारी भइसकेपछि अरूलाई पनि यसबारे जानकारी गराइए मात्रै सूचनाको हकको कार्यान्वयनमा नागरिक अग्रसरता बढाउन सकिन्छ । आधारभूत रूपमा सूचनाको हकसम्बन्धी ऐन–२०६४, नियमावली–२०६५, राष्ट्रिय सूचना आयोग र भूमिका आदिबारे जानकारी पाइसकेपछि स्थानीयस्तरमा गर्न सकिने सूचनाको हकको प्रयोग र पालना गर्नुपर्ने प्रक्रियाबारे अरू व्यक्तिलाई जनाकारी गराउनुपर्छ । नागरिकलाई सूचनाको हकको प्रयोगका लागि गरिने प्रोत्साहनले स्थानीय तथा राष्ट्रियस्तरमै सूचनाको हकको प्रयोगका लागि जनदबाब सिर्जना गर्नमा मद्दत पुग्छ। यसले सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही र पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेल्नसक्छ । यस प्रक्रियामा विभिन्न समयमा विभिन्न संघसस्थाले गरेको अभ्यासले नागरिकमा सूचनाको हकबारे ज्ञानको अभिवृद्धि गराउनुका साथै अधिकार प्रयोगमा पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । नागरिकलाई सूचनाको हकबारे ज्ञान अभिवृद्धि गर्ने केही उपायबारे यहाँ चर्चा गरिएको छ ।

## १. जनचेतना अभिवृद्धि

कुनै पनि नागरिकले सूचनाको हकको व्यक्तिगत र सार्वजनिक महत्त्वबारे जानकार भइसकेपछि समाजका अन्य व्यक्तिलाई पनि सुसूचित गराउन सक्छन् । सूचनाको हक, यसको व्यवहारिक महत्त्व र सूचना माग गर्ने प्रक्रिया आदिबारे जानकार व्यक्तिले सकेसम्म धेरै मानिसलाई जानकारी गराउने हो भने यसले सर्वसाधारण नागरिकमाझ जनचेतना अभिवृद्धि गर्न सघाउँछ ।

सूचनाको हकसम्बन्धी जनचेतना अभिवृद्धिले अभिवृद्धिले धेरैको सङ्ख्यामा नागरिकले सूचनाको हकबारे ज्ञान पाउँछन । यसका साथै सर्वसाधारणको दैनिक जीवनयापनमा सूचनाको हकको प्रयोग बढ्छ । यसका साथै यसले सार्वजनिक निकायलाई नागरिकप्रति उत्तरदायी बनाउन पनि सहयोग पुऱ्याउँछ । यसरी जनचेतना अभिवृद्धिका लागि कुनै औपचारिक स्रोतको आवश्यकता पर्दैन । सूचनाको हकसम्बन्धी जनचेतना अभिवृद्धिका केही उपायबारे चल चर्चा गरिएको छ ।

- सार्वजनिक स्थानमा सूचनाको हक र यसको प्रयोगका साथै उपयोगीताबारे उल्लेख गरिएका पर्चा, पम्पलेट, पोष्टर आदि टाँस्ने ।
- सर्वसाधारण सेवाग्राहीको अधीक चहलपहल हुने ठाउँहरूमा सूचनाको हक, यसको प्रयोग र उपयोगीताबारे उल्लेख भएका पोष्टर पर्चा आदि टाँस्ने ।
- सर्वसाधारणको चहलपहल हुने ठाउँहरूमा सूचनको हकसँग सम्बन्धित पर्चाहरू

वितरण गर्ने र त्यससम्बन्धमा थप बुझ्न चाहनेहरूसँग छलफल गर्ने,
- सार्वजनिक सञ्चारमाध्यम जस्तै: रेडियो, टेलिभिजन आदिबाट सूचनाको हकसम्बन्धी जानकारी प्रसारण गर्ने ।
- सिर्जनात्मक क्रियाकलाप जस्तै: सडक नाटक, प्रहसन, सूचनाको हकसम्बन्धी गीत, कविता, रचना र प्रकाशन आदि गरेर पनि नागरिकमा सूचनाको हकबारे ज्ञानको अभिवृद्धि गर्न सकिन्छ ।

## २. सहजकर्ता समूह निर्माण

मानवअधिकारको संरक्षण एवं जनचेतनाको अभिवृद्धि गर्नका लागि स्थानीयस्तरमा सहजकर्ता समूह गठन गर्ने काम अधीक मात्रामा प्रचलनमा रहेको छ ।

सूचनाको हकको प्रबर्द्धनका लागि पनि स्थानीयस्तरमा यस्ता सहजकर्ता समूह बिगतका केही वर्षदेखि निकै प्रभावकारी सिद्ध भइरहेका छन् । यस्ता समूहमा विशेषगरी युवाहरू समावेश हुने गरेको पाइन्छ । यसरी सहजकर्ता समूह गठन गर्दा निश्चित क्षेत्रमा बसोबास वा पठनपाठन गर्ने युवाको समूह प्रभावकारी हुनसक्छ । सूचनाको हकको प्रयोगसम्बन्धी आधारभूत तालिम दिएपछि ती समूहहरूले आ-आफ्नो क्षेत्रमा सूचनाको हकको महत्त्व र यसको प्रयोगबारे जनचेतना अभिवृद्ध गर्न सक्छन् । यसले सूचनाको हकबारे नागरिकलाई जानकार बनाउने र सार्वजनिक निकायलाई ऐनको प्रभावकारी कार्यान्वयनका लागि दबाब दिन प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ ।

यसरी सूचनाको हकका प्रबर्द्धनका लागि गठन गरिएका सहजकर्ता समूहले स्थानीयस्तरमा निम्न काम गर्न सक्छन् :

- स्थानीयस्तरमा सूचनाको हकको महत्त्व र यसको प्रयोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा रहेका सार्वजनिक निकायमा सूचना माग गरी सार्वजनिक निकायका पदाधिकारीलाई सूचनाको हकको प्रचलनका लागि सचेत गराउँदै दबाव दिने ।
- आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक निकायमा सूचनाको हक प्रचलनको स्थितिबारे अध्ययन एवं अनुसन्धान गर्ने र त्यस सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।
- सूचनाको हकको प्रबर्द्धनका लागि राष्ट्रियस्तरमा सञ्चालित सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा सूचनाको हकसम्बन्धी अभियानलाई प्रभावकारी ढङ्गबाट अघि बढाउने ।
- सूचनाको हकका सहजकर्ताले पाएको तालिमबाट प्राप्त ज्ञान समाजका अरू सदस्यलाई पनि हस्तान्तरण गर्ने र आफ्नो क्षेत्रमा थप सहजकर्ताहरू तयार गर्ने ।
- स्थानीयस्तरमा सूचनाको हक प्रयोग गरी सूचना माग्ने र माग्न चाहने व्यक्तिलाई आवश्यक कानुनी तथा प्राविधिक सहायता उपलब्ध गराउने ।

- सार्वजनिक निकायमा रहेका सूचनाको सक्रिय सार्वजनिकीकरण गर्नका लागि सम्बन्धित निकायलाई दबाब दिने ।

विगत सातवर्षदेखि राष्ट्रिय अभियानका रूपमा सूचनाको हकको प्रबर्द्धनका क्षेत्रमा काम गर्दै आइरहेको 'सूचनाको हकका लागि नागरिक अभियान' नामक संस्थाले बीसभन्दा बढी जिल्लामा 'सूचना अधिकार समूह'को गठन गरेको छ । युवाहरूको सक्रियतामा गठन गरिएका ती समूहले आ–आफ्नो जिल्लामा सूचनाको हकको प्रयोगका लागि नागरिकलाई जागरूक गराउने अभियान सञ्चालन गरिरहेका छन् । यसका साथै जिल्लामा सूचनाको हकको परिपालनाका लागि स्थानीय सार्वजनिक निकायको अवस्थाबारे अध्ययन गरी समय–समयमा अनुसन्धान प्रतिवेदनसमेत तयार पार्दै आइरहेका छन् । सन् २०१२ मा नेपालका हिमाली, पहाडी र तराईका गरी जम्मा १० जिल्लाका सूचना सहजकर्ता समूहले सामूहिकरूपमा गरेको अनुसन्धानले ती जिल्लामा सूचनाको हकको प्रयोग सन्तोषजनक नरहेको देखाएको थियो । उक्त अध्ययनपश्चात सूचनाको हकको प्रबर्द्धनका लागि ती समूहहरूले दबाबमूलक कार्यक्रम सञ्चालन गरिएका छन् । अभियानकै क्रममा अधिकांश जिल्लाका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गरिएको छ भने सूचना प्रवाह गर्ने काम पनि निरन्तररूपमा भइरहेको छ ।

# भाग : छ

# सूचनाको हकको प्रयोगमा आइपर्ने चुनौतीहरू र तिनको समाधान

# सूचनाको हकको प्रयोगमा आइपर्ने चुनौतीहरू र तिनको समाधान

कानुनले तोके बमोजिम सहजरूपमा सूचना उपलब्ध नहुन सक्दछ । सूचना मागगरी प्राप्त गर्ने सन्दर्भमा सार्वजनिक निकायबाट आईपर्ने केही मुद्दाहरूसँग कसरी सामना गर्ने भन्ने सहजताको लागि यो सहजकर्ताका रूपमा सूचनाको हकको प्रयोगमा आइपर्ने चुनौतीहरू र तिनको समाधानका बारेमा मुख्य कुराहरूलाई उठान गरिएको छ । यसले समस्याहरूको कानुनी तथा प्रक्रियागत हल निकाली मागिएको सूचना सही रूपमा प्राप्त गर्नेतर्फ सहयोग गर्न सक्दछ ।

| कार्य | आइपर्न सक्ने चुनौती | सुझाव |
|---|---|---|
| कुनै सूचना माग गर्दा खोजेको सूचना के हो भन्ने कुरामा प्रष्ट हुनुपर्छ र ती सूचना पाइने कार्यालयबारे जानकार हुनुपर्छ । | कुन सूचनाले निवेदकलाई सहयोग गर्छ भन्नेबारे स्पष्ट हुन नसकेको अवस्थामा चाहिएको सूचना खोज्न कठिन हुन सक्दछ । | सूचना माग गर्नका लागि निवेदन दर्ता गर्नु अगाडि नै आफूले खोजेको सूचना पहिचान गरी पाइने कार्यालयबारे जानकार व्यक्तिसँग छलफल गर्नु उपयुक्त हुन्छ । यसका साथै कुन कार्यालयमा खोजे को सूचना उपलब्ध हुनसक्छ भन्ने जानकारी लिएर सबैभन्दा पहिले सोही कार्यालयमा सूचना माग गर्नुपर्छ । त्यहाँ खोजिएको सूचना नपाइएमा सोही कार्यालयमार्फत उचित कार्यालयको पहिचान गर्नु उपयुक्त हुन्छ । |
| माग गर्न खोजिएको सूचना स्पष्टरूपमा निवेदनमा उल्लेख गर्ने र सम्बन्धित सूचना अधिकारीसमक्ष दर्ता गर्नुपर्छ । | कुनै नागरिकलाई सूचना माग गर्ने निवेदन लेख्न कठिनाइ हुनसक्छ । यसका साथै कुनै बेला चाहिएको सूचना स्पष्टरूपमा उल्लेख नभएको पनि हुनसक्छ । यसबाहेक कार्यालयमा सूचना अधिकारी नहुनु वा भएको अवस्थामा पनि निवेदन दर्ता नगर्ने समस्या आउन सक्छ । | यदि सूचना मागकर्तालाई निवेदन लेख्न समस्या छ भने जानकार व्यक्ति वा संस्थाबाट सहयोग लिनुपर्छ । कतिपय अवस्थामा मागिएको स्पष्टरूपमा उल्लेख गर्न नसक्दा चाहिएको सूचना नपाइने वा अनावश्यक शुल्क तिर्नुपर्ने हुन सक्छ । यसको लागि जानकार व्यक्तिसँग छलफल गर्नु राम्रो हुन्छ । यसै गरी कुनै सार्वजनिक निकायमा सूचना अधिकारी नभएमा कार्यालय प्रमुखलाई निवेदन दिन सकिने व्यवस्था ऐनमा गरिएको छ । सूचना अधिकारीले निवेदन दर्ता नगरेमा सूचना अधिकारीसँग विवाद नगरी कार्यालय प्रमुखसमक्ष सूचना अधिकारीविरूद्ध उजुरी गर्नुपर्छ । |

| | | |
|---|---|---|
| सूचना अधिकारीसँग छलफल गर्नुपर्छ । | सबै सूचना अधिकारी सहयोगी नहुन पनि सक्छन् । कुनै सूचना अधिकारी आक्रामक वा असहयोगी हुन सक्छन् । यसका साथै उनीहरू सूचनाको हकसम्बन्धी ऐन तथा ऐनद्धारा प्रदत्त सूचना उपलब्ध गराउँदा पालना गर्नु पर्ने कार्यविधिबारे अनभिज्ञ पनि हुन सक्छन् । | सूचना माग गर्न जाँदा सूचनाको हकसम्बन्धी ऐनबारे जानकारी राख्नुपर्छ । यसले सूचना अधिकारीसमक्ष आवश्यक पर्दा आफ्नो अधिकारबारे अडान लिन मद्दत पुग्छ । यदि सूचना अधिकारीले सूचना दिन आनाकानी गरेमा कार्यालय प्रमुखसँग सर्म्पक गर्न सकिन्छ ।<br><br>सूचना अधिकारी नै सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका सम्बन्धमा अनभिज्ञ र बेखबर भएको पाइएमा ती अधिकारीलाई जिम्मेवारी बताइदिने तथा कार्यालय प्रमुखलाई यसबारे जानकारी दिन सकिन्छ । |
| सूचना अधिकारीको निर्णयको प्रतिक्षा गर्ने र आवश्यक परेमा कार्यालय प्रमुख वा राष्ट्रिय सूचना आयोगमा उजुरी वा पुनरावेदनका प्रक्रियाको लागि पनि तयार हुनुपर्छ । | सूचनाको हकसम्बन्धी ऐनले तोकेको समयभित्र सूचना अधिकारीले माग गरिएको सूचना प्रवाह नगर्न पनि सक्छन् । साथै अपूर्ण वा आंशिक सूचना मात्रै उपलब्ध गराउन सक्छन् । दर्ता गरिएको निवेदनउपर कुनै सुनुवाई नै नहुन पनि सक्छ । | सूचना अधिकारीले सूचना माग गरी निवेदन दिएको १५ दिनभित्र तोकिएको सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । यदि मागिएको सूचना उपलब्ध हुन नसक्ने भएमा त्यसको वस्तुगत कारण खुलाइ सूचना उपलब्ध गराउन नसक्नुका कारण लिखितरूपमा दिनुपर्छ । यदि कुनै कारण उल्लेख नगरी सूचना दिन इन्कार गरेको खण्डमा वा गलत वा अपुरो सूचना उपलब्ध गराएको अवस्थामा तुरून्तै सम्बन्धित निकायका कार्यालय प्रमुखसमक्ष सूचना अधिकारीविरूद्ध उजुरी दिनुपर्छ । सूचना अधिकारीले सूचना नदिएको, आंशिक सूचना दिएको वा गलत सूचना दिएको अवस्थामा सूचना माग गरी निवेदन दिएको १५ दिन पुगेको मितिले ७ दिनभित्र दिनुपर्छ । |
| सूचनाको माग गरी उजुरी दर्ता गरेपछि कार्यालय प्रमुखको निर्णयको प्रतिक्षा गर्नुपर्छ । यसका साथै राष्ट्रिय सूचना आयोगमा उजुरी तथा पुनरावेदन प्रक्रियाको लागि पनि तयार रहनुपर्छ । | सूचना अधिकारीले सहयोग नगरेको अवस्थामा कार्यालय प्रमुखलाई उजुरी दिन सकिने भए पनि कहिले काहीँ कार्यालय प्रमुखसँग भेट नहुन पनि सक्छ । यस्तो अवस्थामा उजुरी दर्ता नहुन सक्छ । कानुनले तोकेको ७ दिनभित्र कार्यालय प्रमुखले कुनै सुनुवाइ नगर्न पनि सक्छ । सूचना नै नदिने निर्णय पनि हुन सक्छ । | सूचना माग गर्ने क्रममा कार्यालय प्रमुखसँग समय लिएर भेट्नु राम्रो हुन्छ । कार्यालय प्रमुखले पनि उजुरी दर्ता गर्न इन्कार गरेमा हुलाकमार्फत रजिस्ट्री गरी निवेदन पठाउन सकिन्छ । कार्यालय प्रमुखले समयमा निर्णय नगरेमा राष्ट्रिय सूचना आयोगसमक्ष उजुरी गर्न सकिन्छ । यसका साथै सूचना नदिने निर्णय गरेमा सो निर्णय लिखितरूपमा लिने प्रयास गर्नुपर्छ । त्यसैको आधारमा सूचना आयोगमा पुनरावेदन दिन सकिन्छ । कार्यालय प्रमुखले निर्णय गरेको ३५ दिनभित्र आयोगमा उजुरी तथा पुनरावेदन गर्नुपर्छ । |

| | | |
|---|---|---|
| सूचना अधिकारी तथा कार्यालय प्रमुखबाट सूचना उपलब्ध भएको अवस्थामा प्राप्त सूचना माग गरे बमोजिम छ कि छैन भन्ने निश्चित गर्नुपर्छ । | यसरी प्रदान गरिएको सूचना अपुरो, गतल, परिमार्जित, आंशिक वा अपूर्ण हुनसक्छ । यसका साथै माग गरिएको भन्दा अन्य सूचना दिइएको पनि हुनसक्छ । त्यस्ता सूचना अप्रमाणी वा अधिकारीको धारणा मात्रै पनि हुनसक्छ । | सूचना अधिकारीले उपलब्ध गराएको सूचना प्रमाणीत हो कि होइन यकिन गर्नुपर्छ । यसरी उपलब्ध गराइएको सूचना माग गरे बमोजिम छ कि छैन त्यसको पुष्टि गर्नका लागि दोहोऱ्याएर हेर्नुपर्छ । माग गरिएको मध्ये कुनै सूचना उपलब्ध गराउन नमिल्ने भएमा सूचना अधिकारीले उचित कारण खुलाएर मात्र सूचना दिन इन्कार गर्न सक्छ । यदि माग गरिएको भन्दा बाहेक अन्य सूचना उपलब्ध गराइएको भए त्यसका लागि दस्तुर तिर्नु हुँदैन । यसका साथै गलत वा अपूरो सूचना उपलब्ध गराइएमा त्यसको आधारमा सम्बन्धित निकायमा उजुरी गर्ने तयारी गर्नुपर्छ । |
| सूचना प्राप्त गर्दा आवश्यक दस्तुर तिर्नुपर्छ । | निःशुल्क पाइनु पर्ने सूचनामा पनि दस्तुर लगाएको हुनसक्छ । यसका साथै तिर्नुपर्ने वास्तविक रकमभन्दा बढी दस्तुर लिइएको हुनसक्छ । | सूचना माग गरी निवेदन दर्ता गर्दा कुनै दस्तुर लाग्दैन । सूचना उपलब्ध गराउँदा सामान्यतः १० पृष्ठभन्दा बढी भएको अवस्थामा प्रतिलिपि उपलब्ध गराएबापत दस्तुर लाग्छ ।<br><br>ऐनको दफा-८ र नियमावलीको दफा-४ मा लागतभन्दा बढी दस्तुर माग भएमा आयोग उजुरी गर्न सकिने व्यवस्था गरिएको छ । यस्तो दस्तुर नगद, बैंक तथा हुलाक टिकटमार्फत पनि तिर्न सकिन्छ । |
| सूचना अधिकारी वा कार्यालय प्रमुखबाट सूचना नपाएमा वा गलत वा आंशिक सूचना पाएमा आयोगमा उजुरी तथा पुनरावेदन गर्नुपर्छ र आयोगको निर्णयको प्रतिक्षा गर्नुपर्छ । | आयोगमा उजुरी तथा पुनरावेदन गर्ने समय र विधिबारे जानकारी नहुँदा आयोगले पनि निर्णयको लागि लामो समय लगाउन सक्छ । | कार्यालय प्रमुखले निर्णय गरेको ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा उजुरी तथा पुनरावेदन गर्नुपर्छ । यसको लागि आयोगमा नै उपस्थिति हुनु पर्दैन । हुलाक, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित कार्यालयमार्फत पनि आयोगमा उजुरी गर्न सकिन्छ । आयोगले पुनरावेदन प्राप्त गरेको मितिले ६० दिनभित्र निर्णय गरिसक्नु पर्छ । आयोगमा परेको उजुरी ४५ दिनमै निर्णय गर्नु पर्दछ । आयोगले नै निर्णय ढिला गरेको अवस्थामा आयोगलाई निवेदन दिएर घचघच्याउन सकिन्छ । तर, आयोगले निर्णय गरिसकेको र निर्णयप्रति मात्र प्राप्त हुन ढिला भएमा आयोगको निर्णयको प्रति लिएर सोहीअनुसार सार्वजनिक निकायमा सम्पर्क गर्न सकिन्छ । |

# भाग : सात

# बारम्बार सोधिने प्रश्नहरू

# बारम्बार सोधिने प्रश्नहरू

**१. सूचनाको हकअन्तर्गत माग गर्न सकिने सूचनाहरू के-के हुन ?**

सूचनाको हकसम्बन्धी ऐनअन्तर्गत सार्वजनिक निकायमा रहेको कुनै पनि प्रकारको सूचना माग गर्न सकिन्छ । लिखतको प्रमाणित प्रतिलिपि, सार्वजनिक निमार्ण स्थलको निमार्ण सामग्रीको नमुना, स्थलगत भ्रमण वा अवलोलक आदि सूचनाको हकअन्तर्गत पर्दछन् । सार्वजनिक निकायको रूपमा रहेका सबै सरकारी, अर्धसरकारी, गैरसरकारी तथा राजनीतिक दलसँग सूचना माग गर्न सकिन्छ। तर, व्यक्तिसँग सूचना माग भने गर्न पाईंदैन। यसका साथै राष्ट्रिय सुरक्षा तथा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने, अपराधारे अनुसन्धानमा असर गर्ने, जातजातिबीचको सु-सम्बन्धमा असर पुऱ्याउने, व्यक्तिगत गोपनियतामा असर गर्ने र व्यापारिक तथा बैंकिङ गोपनीयतमा असर पर्ने सूचना भने उचित कारण उल्लेख गरी सार्वजनिक निकायले प्रवाह नगर्न पनि सक्दछ।

**२. कोसँग सूचना माग गर्नुपर्छ ?**

सूचना माग गर्दा जुन सार्वजनिक निकायमा सूचना गर्ने हो सो निकायका सूचना अधिकारीसमक्ष लिखित निवेदन दिएर सूचना माग गर्नुपर्छ। यदि उक्त निकायमा सूचना अधिकारी नियुक्त नगरिएको वा उपस्थित नभएको अवस्थामा सोही निकायका कार्यालय प्रमुखसमक्ष निवेदन दिएर सूचना माग गर्न सकिन्छ।

**३. सूचना माग गर्दा दस्तुर तिर्नु पर्छ कि पर्दैन ?**

सूचना माग गरी निवेदन दर्ता गराउँदा कुनै पनि दस्तुर लाग्दैन। तर सूचना लिँदा भने प्राप्त सूचना १० पृष्ठभन्दा कम भएमा दस्तुर तिर्नु पर्दैन। तर, उक्त सूचना १० पृष्ठभन्दा बढी भएमा भने सो सूचनाको प्रतिलिपि (फोटोकी) तयार गर्न लाग्ने दस्तुर तिर्नुपर्छ। यसै गरी कुनै सार्वजनिक निर्माणस्थलको ३० मिनेटसम्मको अवलोकन भ्रमण नि:शुल्करूपमा गर्न पाइन्छ। यसभन्दा बढी सूचना उपलब्ध गराउँदा भने सार्वजनिक निकायले वास्तविक लागत बमोजिम शुल्क लिनसक्छ।

**४. सूचना माग्न लिखित निवेदन नै दिनुपर्छ कि मौखिकरूपमा पनि माग्न सकिन्छ ?**

सूचनाको हकसम्बन्धी ऐन-२०६४ अन्तर्गत सूचना माग गर्न लिखित निवेदन दिनुपर्ने व्यवस्था छ। तर, लिखत निवेदन दिन नसक्ने वा अशक्त भएमा मौखिकरूपमा पनि सूचना

माग गर्न सकिने व्यवस्था सूचनाको हकसम्बन्धी नियमावली-२०६५ मा गरिएको छ। यसरी मौखिकरूपमा सूचना माग गरिएको अवस्थामा सूचना अधिकारीले मागअनुरूप निवेदन लेखेर मागकर्ताको सहीछाप गराएर दर्ता गराउनुपर्छ। लिखित निवेदनले उजुरी तथा पुनरावेदनको प्रक्रियामा प्रमाण जुटाउनसमेत मद्दत पुग्ने भएकोले लिखित निवेदन नै दर्ता गराउनु बढी उपर्युक्त हुन्छ।

## ५. सूचना मागका लागि दिइने निवेदनमा के-के कुरा उल्लेख गर्नुपर्छ ?

सामान्यत: सूचना माग गरी सार्वजनिक निकायमा निवेदन दिदाँ निवेदन दिएको मिति, सूचना माग गरी निवेदन दिइएको कार्यालयको नाम, स्पष्टरूमा आफूले माग गरेको सूचना उल्लेख गर्नुपर्छ। यसका साथै कुन प्रयोजनका लागि सूचना माग गरिएको हो भन्ने कुरा पनि खुलाउनुपर्छ। निवेदकमा सूचना उपलब्ध गराउँदा लाग्ने शुल्क तिर्न मञ्जुर रहेको व्यहोराका साथै सूचना मागकर्ताले प्रष्ट बुझिने गरी नाम र सर्म्पक ठेगाना लेख्नुपर्छ। सूचना माग गरी दिइने निवेदनको नमुना यसै पुस्तकको अनुसूचीमा समावेश गरिएको छ।

## ६. सूचना मागको निवेदन कसरी दर्ता गर्न सकिन्छ ?

सूचना माग गरी आफैं उपस्थित भएर निवेदन दिन सकिन्छ। आफू उपस्थित हुन नसक्ने भएमा हुलाक तथा वारेशमार्फत पनि निवेदन दर्ता गराउन सकिन्छ। तर, निवेदन दर्ता गर्ने निकायले निवेदकको पहिचानको पुष्टि गर्न खोजेमा भने निवेदन माग गरिएको सार्वजनिक निकायमा निवेदन स्वयं उपस्थित हुनुपर्छ। यसैगरी सूचना उपलब्ध गराउँदा लाग्ने शुल्क तिर्न पनि निवेदक सम्बन्धित निकायमा उपस्थित हुनुपर्छ। सूचना माग गर्दा आफैं उपस्थित भएर निवेदन दर्ताको निस्सा लिनु उत्तम हुन्छ। उक्त निस्सामा निवेदन दर्ता भएको मिति, शीर्षक, दर्ता नम्बर, निवेदन दर्ता गर्ने अधिकारीको दस्तखत र सो कार्यालयको छाप समावेश हुन्छन्। यो नै निवेदकले निवेदन दर्ता गराएको प्रमाण भएको हुँदा पुनरावेदन प्रक्रियामा यसलाई प्रमाणको रूपमा पेश गर्न सकिन्छ।

## ७. सूचना अधिकारीले गतल वा अपूरो सूचना दिएमा के गर्नुपर्छ ?

सूचना अधिकारीले गतल वा अपूरो सूचना दिएमा त्यस्तो सूचना प्राप्त भएको मितिले ७ दिनभित्र सोही कार्यलयका प्रमुखसमक्ष उजुरी दिन सकिन्छ। यदि कार्यालय प्रमुखले पनि मागिएको पूरा सूचना नदिने निर्णय गरेमा सो निर्णयको ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सकिन्छ।

### ८. प्राप्त सूचना सही वा गलत हो कसरी यकिन गर्न सकिन्छ ?

सार्वजनिक निकायबाट प्राप्त भएको सूचना प्रमाणित छ र सम्बन्धित निकायको छाप वा आधिकारिक कर्मचारीको दस्ताखत छ भने त्यो सूचनालाई सही मान्नु पर्ने हुन्छ । कहिले काही सूचनाको आधिकारीकताका लागि एउटै सूचना दूईओटा कार्यालयमा पनि माग गर्न सकिन्छ । जस्तै एकै किसिमका सूचना गाविस र जिविस दुवै कार्यालयमा माग गरी सूचनाको वास्तविकता तथा आधिकारकिता जाँच गर्न सकिन्छ ।

### ९. सूचना नदिने तथा गतल सूचना दिने कर्मचारीलाई कस्तो सजाँय हुन्छ ?

गलत नियत राखेर सूचना नदिने वा गतल सूचना दिने सूचना अधिकारी तथा कार्यालय प्रमुखलाई जरिबान तथा कारबाही हुने कुरा ऐनमा सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था गरिएको छ । ऐनले तोकेअनुसार त्यस्ता सूचना अधिकारी वा कार्यालय प्रमुखलाई एकहजार देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुन सक्छ । कुनै कारण बिना नै सूचना समयमा उपलब्ध नगराइ ढिलाइ गरेको अवस्थामा जति दिन ढिलाइ गरिएको छ सोहीअनुसार प्रतिदिन दुईसय रूपैयाँको दरले ती अधिकारीलाई जरिबाना हुन्छ । साथै त्यस्ता सूचना अधिकारी वा कार्यालय सो प्रमुखलाई आयोगले विभागीय कारबाही पनि गर्न सक्छ ।

### १०. ऐनले दिएको अधिकार प्रयोग गरी सूचना लिने काममा राष्ट्रिय सूचना आयोगले कसरी सहयोग गर्न सक्छ ?

नगरिकले माग गरेको सूचना सार्वजनिक निकायका सूचना अधिकारीले उपलब्ध नगराएमा वा कार्यालय प्रमुखसमक्ष उजुरी गर्दा पनि सूचना नपाइएमा राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन गर्न सकिन्छ । माग गरिएको सूचना कार्यालय प्रमुख नदिने वा पूरा सूचना नदिने निर्णय गरेको दिनको ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिनुपर्छ । आयोगले यस्ता निकायका अधिकारीलाई सूचना प्रदान गर्न आदेश दिने र सजायँ पनि गर्न सक्छ ।

# अनुसूचीहरू

# अनुसूची–१

## सूचना माग गर्दा दिइने निवेदनको ढाँचा

मिति :- २०७०/ /

श्री सूचना अधिकारीज्यू,

(कार्यालयको नाम) ................

(कार्यालय रहेको ठेगाना) ............

विषय :- सूचना पाऊँ भन्नेबारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेका तपसिलका सूचना आवश्यक भएकाले सूचनाको हकसम्बन्धी ऐन–२०६४ को दफा–३ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराई दिनहुन यो निवेदन पेश गरेको छु ।

१. ..................................................

२. ..................................................,

बोधार्थ:-
राष्ट्रिय सूचना आयोग,
पेरिसडाँडा, काठमाडौं

निवेदक

..........................
फोन :
इमेल :
सम्पर्क ठेगाना :

# अनुसूची–२

## कार्यालय प्रमुखलाई दिइने उजुरीको ढाँचा

मिति :- .........

श्री कार्यालय प्रमुखज्यू

(कार्यालयको नाम).........

(कार्यालयको ठेगाना) ....

विषय:- सचना उपलब्ध नगराउने सूचना अधिकारीउपर कारबाही गरी माग गरिएका सूचनाको प्रमाणित प्रतिलिपि उपलब्ध गराइ पाऊँ भन्नेबारे ।

**महोदय,**

उपरोक्त सम्बन्धमा म निवेदक ..........ले यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी मिति ....... मा मैले देहायअनुसारको सूचना पाउँ भनी निवेदन दर्ता गराएको थिएँ। तर, यस कार्यालयका सूचना अधिकारीले उक्त निवेदनउपर सूचनाको हकसम्बन्धी ऐनले तोकेको म्याद १५ दिनभित्र पनि कुनै सूचना उपलब्ध नगाराएको व्यहोरा जानकारी गराउँछु। यसरी ऐनले तोकेको म्यादभित्र सूचना उपलब्ध नगराउने सूचना अधिकारीमाथि कारबाही गरी मैले माग गरेको सम्पूर्ण सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराइ दिनहुन सूचनाको हकसम्बन्धी ऐन–२०६४ को दफा–९ बमोजिम यस कार्यालयका प्रमुखसमक्ष उजुरी गरेका छु ।

**माग गरिएको सूचना :**

(१)

(२)

माथि उल्लेखित सूचनाको प्रमाणित प्रतिलिपि छिटोभन्दा छिटो उपलब्ध गराउन हुन अनुरोध गर्दछु। उल्लेखित सूचना उपलब्ध गराउँदा लाग्ने कानुन बमोजिमको शुल्क बुझाउन तयार रहेको जानकारी गराउँछु ।

**संलग्न कागजात**

१. मिति ..................सूचना अधिकारीलाई सम्बोधन गरी दिएको निवेदनको प्रतिलिपि ।

**बोधार्थ**

१. राष्ट्रिय सूचना आयोग,

पेरिसडाँडा काठमाडौं ।

निवेदक

..........................

फोन :

इमेल :

सम्पर्क ठेगाना :

# अनुसूची–३

## सूचनाको हकसम्बन्धी ऐन–२०६४

**प्रमाणीकरण र प्रकाशन मिति २०६४ साउन ५**

**व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. ४**

**सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना

राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाइ नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

“व्यवस्थापिका-संसदले” यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “सूचनाको हक सम्बन्धी ऐन, २०६४” रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनु पर्छ,

(१) संविधानअन्तर्गतका निकाय

(२) ऐनद्वारा स्थापित निकाय

(३) नेपाल सरकारद्वारा गठित निकाय

(४) कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान

(५) प्रचलित कानुन बमोजिम दर्ता भएका राजनीतिक दल तथा सङ्गठन

(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठीत संस्था

(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठीत संस्था

(८) प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्था

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था

(ख) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत वा सामग्रीको जानकारी सम्झनु पर्छ ।

(ग) "सार्वजनिक महत्त्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्छ ।

(घ) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनु पर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुन:प्रस्तुत गर्न सकिने श्रव्य दृश्य सामग्रीलाई समेत जनाउँदछ ।

(ङ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखित, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।

(च) "सूचना अधिकारी" भन्नाले दफा–६ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ ।

(ज) "आयोग" भन्नाले दफा–११ बमोजिम गठन भएको राष्ट्रिय सूचना आयोग सम्झनु पर्छ ।

(झ) "प्रमुख सूचना आयुक्त" भन्नाले दफा–११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ ।

(ञ) "सूचना आयुक्त" भन्नाले दफा–११ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्था

३. **सूचनाको हक हुने :**

(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायका विषय सम्बन्धित सूचना प्रवाह गरिने छैन :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्कीङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सु–सम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुर्‍याउने

तर, यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

४. **सार्वजनिक निकायको दायित्व :**

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु/गराउनु

पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय–समयमा सार्वजनिक प्रकाशन तथा प्रसारण गर्ने गराउने

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शीरूपमा गर्ने

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ ।

## ५. सूचनाको अद्यावधिक र प्रकाशन :

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीसवर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु/गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गर्नुपर्नेछ :

(क) निकायको स्वरूप र प्रकृति

(ख) निकायको काम, कर्तव्य र अधिकार

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

(घ) निकायबाट प्रदान गरिने सेवा

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी

(झ) सम्पादन गरेको कामको विवरण

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूची

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

(ड) तोकिए बमोजिमका अन्य विवरण।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन–तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

## ६. सूचना अधिकारीको व्यवस्था :

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयमा रहेका सूचना नियमितरूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ।

## ७. सूचना प्राप्त गर्ने कार्यविधि :

(१) यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवदेन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवदेन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरून्त निवेदकलाई गराउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जिउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

(५) सूचना अधिकारीले निवदेकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रन, भत्कन वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्परूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिब समय उपलब्ध गराउनेछ ।

(८) उपदफा (१) बमोजिम प्राप्त भएको निवदेन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरून्त निवेदकलाई दिनु पर्नेछ ।

## ८. सूचना वापत लाग्ने दस्तुर :

(१) दफा (७) बमोजिम सूचना माग गर्दा निवेदकले तोकिए बमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

तर, कुनै सूचनाको सर्न्दभमा प्रचलित कानुनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोगसमक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा उपदफा (२) विपरीत दस्तुर तोकेको देखिएमा आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्नेछ ।

## ९. उजुरी दिन सक्ने :

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा, वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिकरूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिकरूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवदेकद्वारा माग भए बोमिजमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिकरूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन

बमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

**१०. पुनरावेदन दिन सक्ने :**

(१) दफा (९) को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराइ बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले देहाय बमोजिम गर्न सक्नेछ :

(क) पुनरावेदनको व्यहोरा मुनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न ।

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

(४) आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) आयोगले यस दफा बमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## आयोग सम्बन्धी व्यवस्था

**११. आयोगसम्बन्धी व्यवस्था :**

(१) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगका प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्तहरू रहनेछन् ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदको नियुक्तिको लागि सिफारिस गर्न

देहाय बमोजिमको एक समिति रहनेछ :

(क) सभामुख - अध्यक्ष

(ख) सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री - सदस्य

(ग) सभापती, नेपाल पत्रकार महासंघ - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ र त्यसरी नियुक्ति गर्दा कम्तीमा एकजना महिला समावेश हुने गरी नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिको लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुशरण गर्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफरिस समिति आफैले निर्धारिण गरे बमोजिम हुनेछ ।

१२. **योग्यता :**

प्रमुख सूचना आयुक्त वका सूचना आयुक्तको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको र,

(ग) आमसञ्चार, कानुन न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्रवर्ष काम गरी अनुभव हासिल गरेको ।

१३. **अयोग्यता :**

देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुनेछ :

(क) दफा १२ बमोजिमको योग्यता नभएको

(ख) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको

(ग) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी

(घ) कुनै राजनैतिक पदमा वहाल रहेको र,

(ङ) प्रचलित कानुन बमोजिम नियुक्तिको लागि अयोग्य भएको ।

## १४. पदावधि :

१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँचवर्षको हुनेछ र निज सो पदमा पुनः नियुक्त हुनसक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुनसक्नेछ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एकमहिना अगाडि नै दफा–११ को उपदफा (३) बमोजिमको सिफरिस समितिले नयाँ नियुक्तिको लागि सिफरिस गर्नुपर्नेछ ।

## १५. पद रिक्त हुने :

देहाएका अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिनेछ :

(क) निजको मृत्यू भएमा

(ख) निजको उमेर पैसठ्ठी वर्ष पुरा भएमा

(ग) निजले प्रधानमन्त्रीसमक्ष राजिनामा दिएमा

(घ) निजको पदावधि पूरा भएमा

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा वा

(च) निजलाई दफा–१६ बमोजिम आफ्नो पदबाट हटाइएमा ।

## १६. पदबाट हटाउन सक्ने :

व्यवस्थापिका-संसदको सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई–तिहाई सदस्य उपस्थित भइ बसेको बैठकको दुई–तिहाई बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रही रहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसदको बैठकबाट पारित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ ।

तर त्यस्तो आरोप लागेको प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाइ पेश गर्न मनासीव माफीको मौकाबाट बञ्चित गरिने छैन ।

## १७. सेवा शर्तसम्बन्धी व्यवस्था :

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवा शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १८. शपथ :

आफ्नो कार्यभार समाल्नु अघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्तसमक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।

## १९. आयोगको काम, कर्तव्य र अधिकार :

यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने

(ङ) यस ऐन बमोजिमको दायित्व पालना गर्न/गराउन सम्बन्धित पक्षलाई आदेश दिने

(च) नेपाल सरकार तथा सूचना सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यकता पर्ने अन्य उपयुक्त आदेश दिने

## २०. अधिकार प्रत्यायोजन :

आयोगले आफ्नो दफा–९ बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकार बाहेकका अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

## २१. आयोगको कार्यालय :

आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

## २२. आयोगको कर्मचारी :

(१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन्।

(२) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ।

## २३. आयोगको खर्च :

(१) आयोगको लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ।

(२) आयोगले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत नेपाल सरकारको पूर्व स्वीकृति लिएर अन्य क्षेत्रबाट पनि प्राप्त गर्न सक्नेछ।

## २४. आयोगलाई सहयोग गर्नुपर्ने :

सार्वजनिक निकायले आयोगको काम कारबाहीमा सहयोग गर्नुपर्नेछ।

## २५. वार्षिक प्रतिवेदन :

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत व्वस्थापिका-संसदमा प्रस्तुत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ।

## २६. नेपाल सरकारसँग सम्पर्क :

आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत राख्नु पर्नेछ।

# परिच्छेद–४

## सूचनाको संरक्षण सम्बन्धी व्यवस्था

**२७. सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निकायमा रहेका दफा–३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछ :

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव - सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनको लागि दफा–३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नु पर्ने हो सोको अवधि र संरक्षण गर्ने तरीका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनको लागि निवदेन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदनउपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ ।

(५) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृतिअनुसार बढीमा तीसवर्षको अवधिसम्म गोप्य राख्न सकिने छ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नु पर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दशवर्षमा पुनरावलोकन गर्नेछ ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मको लागि गोप्य राखिराख्नु पर्ने भएमा त्यसरी गोप्य रहनु पर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ ।

**२८. सूचनाको संरक्षण :**

(१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनाधिकृत

प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरी राख्नुपर्नेछ ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमती बिना प्रयोग गर्न हुँदैन :

(क) कुैन व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतरा निवारण गर्ने सम्बन्धमा

(ख) प्रचलित कानुन बमोजिम प्रकट गर्नुपर्ने विषय भएमा

(ग) भ्रष्टाचारको नियन्त्रण गर्ने सम्बन्धमा

## २९. सूचनादाताको संरक्षण :

(१) सार्वजननिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजानिक निकायका कर्मचारीको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचानादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन पाइने छैन ।

(४) उपदफा (३) विपरीत हुने गरी सूचानादातालाई सजायँ गरेमा वा हानी नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (४) बमोजिम परेका उजुरीमा जाँचवुझ गर्दा सूचानादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउन समेत आदेश दिन सक्नेछ ।

## ३०. व्यक्तिगत सूचना उपलब्ध गराउने :

(१) कुनै व्यक्तिले सार्वजननिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भए बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने र प्राप्त कार्यविधि दफा–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सूचना लिँदा दफा–८ बमोजिमको दस्तुर लाग्नेछ ।

**३१. सूचनाको दुरूपयोग गर्न नहुने :**

(१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचानाको दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

## परिच्छेद–५

## सजाय तथा क्षतिपूर्ति सम्बन्धित व्यवस्था

**३२. सजाय :**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एकहजार देखि पच्चीसहजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायँको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुईसय रूपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकृतलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनाको जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा आयोगले सूचनाको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँचहजार देखि पच्चीसहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दशहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३३. क्षतिपूर्ति :**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिकरूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिको लागि निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवदेन जाँचबुझ गर्दा मनासिव देखिएमा आयोगले निवदेकलाई पर्न गएको वास्तविक हानी-नोक्सानीलाई विचार गरी मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराइ दिन सक्नेछ ।

**३४. पुनरावेदन :**

दफा (३२) बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–६

## विविध

**३५. सूचना सच्याउन सकिने :**

(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुखसमक्ष निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

**३६. असल नियतले गरेको कामको बचाउ :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन ।

३७. **यसै ऐन बमोजिम हुने :**

यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३८. **नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

# अनुसूची

## (दफा १८ सँग सम्बन्धित)

**शपथ**

म... .... .... ... ... .... ... .... .... ...मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहीत रहनु पर्ने भनी जनताद्धारा जनआन्दोलनमार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान् रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त/सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्धेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यन्वयन गर्न क्रियाशील रहनेछु ।

मिति :

हस्ताक्षर:

# अनुसूची–४

## सूचनाको हकसम्बन्धी नियमावली २०६५

सूचनाको हकसम्बन्धी ऐन–२०६४ को दफा–३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम “सूचनाको हकसम्बन्धी नियमावली–२०६५” रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “ऐन” भन्नाले सूचनाको हकसम्बन्धी ऐन–२०६४ सम्झनुपर्छ ।

(ख) “सचिव” भन्नाले नियम २० बमोजिम तोकिएको आयोगको सचिव सम्झनु पर्छ ।

### ३. सूचना प्रकाशन गर्नुपर्ने :

सार्वजनिक निकायले ऐनको दफा–५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचनासमेत सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

(ख) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

### ४. सूचनाबापत लाग्ने दस्तुर :

(१) निवेदकले ऐनको दफा–७ बमोजिम सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिमको दस्तुर र त्यस्तो दस्तुर को व्यवस्था नगरेकोमा देहाय बमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकाय समक्ष

बुझाउनु पर्नेछ :

(क) सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रूपैयाँ

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रूपैयाँ

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीबापत पचास रूपैयाँ

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ

तर, सार्वजनिक पुस्तकालय र सार्वजनिकरूपमा नि:शुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सो को भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ ।

(५) यस नियममा लेखिएको सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

## ५. पुनरावेदन दर्ता :

(१) ऐनको दफा–१० को उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा आयोगसमक्ष पुनरावेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भइ वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत पुनरावेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत पुनरावेदन दिएकोमा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिइ सो पुनरावेदन तीन दिनभित्र आयोगमा पठाइदिनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको म्याद नाघी बुझाएको देखिएमा सचिवले सोही व्यहोरा जनाइ पुनरावेदन दरपीठ गर्नुपर्नेछ ।

## ६. पुनरावेदनको कारबाही र निर्णय :

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबूद प्रमाणको मुल्याङ्कनको आधारमा गर्नुपर्नेछ ।

(२) आयोगसमक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र आयोगले पुनरावेदनको किनारा गर्नुपर्नेछ ।

(३) आयोगले पुनरावेदकको माग बमोजिम सम्बन्धित प्रमुखको नाममा आदेश जारी गर्ने वा पुनरावेदन खारेज गर्ने आदेश गर्दा आधार र कारण खुलाउनु पर्नेछ ।

## ७. कार्यविधि निर्धारण गर्न सक्ने :

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्ने शिलशिलामा सम्बन्धित प्रमुख, सूचना अधिकारी वा अन्य सम्बद्ध व्यक्तिलाई बयानको लागि आयोगसमक्ष उपस्थित गराउन वा सम्बद्ध व्यक्तिबाट लिखत वा सबूद प्रमाण पेश गर्न लगाउने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि आयोगले सार्वजनिक गर्नुपर्नेछ ।

## ८. आयोगको काम कारबाही :

ऐन तथा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक आयोगको तर्फबाट गरिने सम्पूर्ण काम कारबाही आयोगको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

## ९. आयोगको बैठक र निर्णय :

(१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) प्रमुख सूचना आयुक्तको निर्देशनमा सचिवले आयोगको बैठकको मिति, समय र छलफलको विषय सूची सूचना आयुक्तलाई उपलब्ध गराउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र कम्तीमा एकजना सूचना आयुक्त वा दुईजना सूचना आयुक्त उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । यसरी बसेको बैठकमा कुनै निर्णय उपर राय बाझिएमा अनुपस्थित प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त समेत उपस्थित भएको अर्को बैठकमा पुन: पेश गर्नुपर्नेछ ।

(४) आयोगको बैठकको अध्यक्षता प्रमुख सूचना आयुक्तले गर्नेछ । प्रमुख सूचना आयुक्तको अनुपस्थितिमा उपस्थित सूचना आयुक्तहरूमध्ये वरिष्ठ सूचना आयुक्तले बैठकको अध्यक्षता गर्नेछ र त्यसरी बैठकको अध्यक्षता गर्ने सूचना आयुक्तले प्रमुख सूचना आयुक्तको अधिकार प्रयोग गर्न सक्नेछ ।

(५) बहुमत सूचना आयुक्तहरूको राय आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. पारिश्रमिक :

(१) प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक क्रमश: चौबीस हजार तीनसय रूपैंया र बाईस हजार आठसय रूपैंयाँ हुनेछ ।

तर, यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुँदाका बखत प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले खाइपाई आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ ।

## ११. आवास, विजुली, धारा र टेलिफोन सुविधा :

(१) काठमाडौं उपत्यकाभित्र आफ्नो वा आफ्नो सङ्गोलमा रहेको परिवारको कुनै सदस्यको नाममा घर नहुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई मासिकरूपमा घरभाडा बापत क्रमश: बाह्र हजार एकसय पचास रूपैंयाँ र एघार हजार चारसय रूपैयाँ दिइनेछ ।

(२) काठमाडौं उपत्यकाभित्र आफ्नो घर हुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई घर सफाई एवं मर्मतको निमित्त क्रमश: मासिक एक हजार पाँचसय रूपैंयाँ र एक

हजार दुईसय रूपैयाँ दिइनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई टेलिफोन, बिजुली र धारा सुविधाबापत मासिक एक हजार पाँचसय रूपैयाँ दिइनेछ ।

१२. **सवारी तथा इन्धन सुविधा :**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई ड्राईभरसहितको मोटर एक, मासिक एकसय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्ट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक–एकजना हलुका सवारी चालक, मासिक एकसय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्टबापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त आयोगबाट हुनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम सवारी साधनको बन्दोबस्त नभएको अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई सवारी तथा इन्धन सुविधाबापत मासिकरूपमा क्रमश: पन्ध्र हजार रूपैयाँ र बाह्र हजार रूपैयाँ दिइनेछ ।

१३. **उपचार खर्च :**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम वा वास्तविकरूपमा लागेको बील बमोजिमको उपचार खर्चमध्ये जुन रकम कम हुन्छ सोही बमोजिमको रकम उपचार खर्चबापत दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त र सूचना आयुक्त बिरामी भइ थप उपचार गर्नुपर्ने भएमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसको आधारमा नेपाल सरकारबाट उपयुक्त ठहऱ्याएको रकम थप उपचार खर्च दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको उपचारबापत आयोगले नेपाल सरकारसँग परामर्श गरी स्वास्थ्य बीमा (मेडिकल इन्सुरेन्स)को व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था भएकोमा यस नियम बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

१४. **दैनिक तथा भ्रमण भत्ता :**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा नेपालभित्र

भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ता :- पाँचसय रूपैया

(ख) भ्रमण भत्ता :- (१) उपनियम (१) बमोजिम भ्रमणमा जाँदा बास बस्नु परेमा प्रत्येक रातको लागि प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक हजार दुईसय रूपैयाँमा नबढ्ने गरी एकपटकमा बढीमा सात दिनको करको प्रयोजनको लागि दर्ता भएको होटल बील बमोजिमको होटल खर्च दिइनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले दुर्गम क्षेत्रका कुनै जिल्लामा भ्रमण गरेबापत प्रचलित कानुनबमोजिम थप भ्रमण भत्ता पाउने भए सोसमेत पाउनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा १७५ अमेरिकी डलर दैनिक तथा भ्रमण भत्ता दिइनेछ। तर, भारतको चेन्नाई, हैदराबाद, बैङ्लोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात बिताउनु पर्दा सो दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(३) उपनियम (२) बमोजिम नेपाल बाहिर भ्रमण गर्दा यस नियमावली बमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पुरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनको लागि पाउने दैनिक भत्ताको आधा रकम मात्र दिइनेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघसंस्थाले व्यहोर्ने भएमा निजले दैनिक पच्चीस अमेरीकी डलर रकम पकेट खर्चबापत पाउनेछ ।

## १५. चाडपर्व खर्च :

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने चाडपर्वको लागि एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने प्रमुख चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

## १६. पदीय आचरण :

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो सेवा र पद अनुकूलको आचरण पालना गर्नुपर्नेछ र त्यस्तो आचरणसम्बन्धी व्यवस्था आयोग आफैंले बनाई लागू गर्नेछ ।

## १७. विदा :

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिक सहितको छदिन भैपरी आउने विदा र छदिन पर्व विदा पाउने छन् ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष तीस दिनमा नबढाइ पारिश्रमिक सहितको घर विदा लिन पाउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिक सहितको बाह्र दिन बिरामी विदा पाउनेछ ।

(४) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले घर विदा र बिरामी विदा सञ्चित गरी राख्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको सञ्चित रहेको घर विदा र बिरामी विदाबापत निजले पाइआएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(५) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफू किरिया बस्नु परेमा कूलधर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पारिश्रमिक सहितको किरिया विदा पाउनेछ ।

(६) महिला प्रमुख सूचना आयुक्त वा महिला सूचना आयुक्त गर्भवती भएमा प्रसूतीको अघि र पछि गरी निजले बढीमा साठी दिन पारिश्रमिक सहितको प्रसूति विदा एकपटक पाउनेछ ।

## १८. विदा दिने अधिकारी : ञ

(१) प्रमुख सूचना आयुक्तले भइपरी आउने विदा र पर्व विदा आफैंले लिन सक्नेछ र अन्य विदा नेपाल सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) सूचना आयुक्तले सबै विदा प्रमुख सूचना आयुक्तबाट स्वीकृत गराउनु पर्नेछ ।

## १९. कार्यवाहक भई काम गर्ने :

(१) प्रमुख सूचना आयुक्त विदामा बसेको, विदेशमा गएको वा प्रमुख सूचना आयुक्तको पद रिक्त भएको अवस्थामा त्यस्तो विदाको अवधिभर, विदेशमा गएको अवधिभर वा रिक्त पदपूर्ति नभएसम्मको लागि वरिष्ठतम् सूचना आयुक्तले कार्यबाहक प्रमुख सूचना आयुक्त भइ काम गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यबाहक प्रमुख सूचना आयुक्त भइ काम गर्ने सूचना आयुक्तले लगातार पन्ध्र दिनभन्दा बढी अवधि कार्यबाहक भइ काम गरेमा त्यसरी कार्यबाहक भइ काम गरेको अवधि भरको लागि प्रमुख सूचना आयुक्तले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछ ।

(३) यस नियमावलीको प्रयोजनको लागि वरिष्ठताको आधार कायम गर्दा नियुक्ति मितिको आधारमा गरिनेछ र सबै सूचना आयुक्तको नियुक्ति मिति एउटै भएमा नियुक्तिको क्रमको आधारमा वरिष्ठता कायम गरिनेछ ।

## २०. सचिवसम्बन्धी व्यवस्था :

(१) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना सचिव रहनेछ ।

(२) नेपाल सरकारले निजामती सेवाको राजपत्राङ्कीत विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रूपमा काम गर्न तोक्नेछ ।

## २१. सचिवको काम, कर्तव्य र अधिकार :

सचिवको काम, कर्तव्य र अधिकार यस नियमावलीमा अन्यत्र लेखिएको अतिरिक्त देहाय बमोजिम हुनेछ :

(क) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने

(ख) आयोगमा परेका पुनरावेदन, निवेदन, उजुरी तथा अन्य प्रयोजनको लागि आवश्यक पर्ने कागजात सम्बन्धित निकायबाट झिकाउने

(ग) पुनरावेदन, निवेदन तथा उजुरी साथ संलग्न कागजात जाँचबुझ गर्ने

(घ) आयोगको निर्णय तथा आदेशको कार्यान्वयन गर्ने/गराउने

(ङ) आयोगको तर्फबाट अन्य कुनै निकायमा सम्पर्क गर्नुपर्ने भएमा पत्राचार गर्ने वा गराउने

(च) आयोगमा जम्मा भएको दस्तुर तथा रकम सरकारी कोषमा जम्मा गर्न लगाउने

(छ) आयोगसमक्ष परेको पुनरावेदन, निवेदन तथा उजुरी जाँचबुझ गरी आयोगसमक्ष पेश गर्ने

(ज) आयोगको तर्फबाट गर्नुपर्ने प्रर्बद्धनात्मक कार्यहरू गर्ने वा गराउने

(झ) आयोगको काम कारबाहीसँग सम्बन्धित तथा आयोगले तोके बमोजिमको अन्य काम गर्ने वा गराउने

## २२. सचिवको आदेशउपरको उजुरी :

(१) ऐन वा यस नियमावली बमोजिम आयोगसमक्ष परेको पुनरावेदन, निवेदन वा उजुरीका सम्बन्धमा सचिवले नियम-५ को उपनियम (५) बमोजिम दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश दिएको मितिले पन्ध्र दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी परेमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सात दिनभित्र टुङ्गो लगाउनुपर्नेछ ।

**२३. निर्णय गर्ने वा सूचना उपलब्ध गराउने अवधि :**

(१) ऐनको दफा-८ को उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुङ्गो लगाइसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी जाँचबुझ गर्दा ऐनको दफा-८ को उपदफा (२) बमोजिम उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउन पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुङ्गो लागेको मितिले बढीमा सातदिनको म्याद दिइ सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकृतलाई आदेश दिनुपर्नेछ ।

**२४. सूचना दुरूपयोग गरेमा उजूरी गर्ने सम्बन्धी कार्यविधि :**

(१) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यसरी सूचना दुरूपयोग गरेको जानकारी भएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना प्राप्त गर्ने व्यक्तिले सूचना दुरूपयोग गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई ऐन बमोजिम सजाय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सजाय गर्नुअघि आयोगले आवश्यक ठानेमा सूचना दुरूपयोगको आरोप लागेको व्यक्तिलाई आयोगसमक्ष झिकाइ बयान गराउन सक्नेछ ।

**२५. निर्देशिका जारी गर्न सक्ने :**

(१) आयोगले आफ्नो काम कारबाही सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशिका बनाइ जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी गरेको निर्देशिका सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्नेछ ।

# अनुसूची

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**श्री राष्ट्रिय सूचना आयोगमा दिइएको**

**पुनरावेदन**

मार्फत्.. … .. … … … … … … … … … … … … … … … … … . कार्यालय

… … .. … .. … … … … … … … … … … … … … … … … … …पुनरावेदक

**विरूद्ध**

.. … .. … … … … … … … … … … … … … … … … … … … .. प्रत्यर्थी

विषय: … … .. … … … … … … … … … … … … … … … … … …

.. … .. … … सार्वजनिक निकायको प्रमुख श्री .. … .. … … … … … …ले मिति … .. … … … … …मा मलाई/हामीलाई … … … … … … … … … विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई/हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद पैंतीस दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजात**

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।
(ख)
(ग)

……………………

**पुनरावेदकको सही**

इति सम्वत्……………..साल…………महिना…………गते रोज ……शुभम् ।

# अनुसूची–५

## सूचनाको हकसम्बन्धी नियमावली–२०७० (दोस्रो संशोधन)

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमहरूको नाम 'सूचनाको हकसम्बन्धी नियमावली-२०७०' (दोस्रो संशोधन) रहेको छ ।

(२) यो नियमावली तुरून्त लागू हुनेछ ।

२. **सूचनाको हकसम्बन्धी नियमावली–२०६५ को नियम–२ मा संशोधन :**

सूचनाको हकसम्बन्धी नियमावली-२०६५ (यसपछि 'मूल नियमावली' भनिएको) को नियम-२ को खण्ड (क) पछि देहायका खण्ड (क१), (क२) र (क३) थपिएका छन् ।

(क१) "उजुरी" भन्नाले ऐनको दफा-८ को दफा-२९ को उपदफा (४) वा नियम-५क बमोजिम आयोगमा परेको उजुरी सम्भनुपर्छ ।

(क२) 'निवेदन' भन्नाले ऐनको दफा-२७ को उपदफा (३) र दफा-३३ को उपदफा (१) बमोजिम आयोगमा परेका निवेदन सम्भनुपर्छ ।

(क३) "समिति" भन्नाले ऐनको दफा-२७ को उपदफा (१) बमोजिमको सूचना वर्गीकरणसम्बन्धी समिति सम्भानुपर्छ ।"

३. **मूल नियमावलीको नियम–३ मा संशोधन :**

मूल नियमावलीको नियम-३ को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२), (ख३) र (ख४) थपिएका छन् :

(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्भौतासम्बन्धी विवरण

(ख२) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

(ख४) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।

## ४. मूल नियमावलीको नियम–४ मा संशोधन :

मूल नियमावलीको नियम-४ को उपनियम (२) मा रहेका “पाँच पृष्ठ” भन्ने शब्दको सट्टा “दश पृष्ठ” भन्ने शब्दहरू राखिएका छन् ।

## ५. मूल नियमावलीमा नियम–४क थप :

मूल नियमावलीको नियम-४ पछि देहायको नियम ४क थपिएको छ :

४क. मौखिकरूपमा सूचना माग गर्न सक्ने :

(१) ऐनका दफा-७ बमोजिम सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर वा शारीरिकरूपले लेख्न नसक्ने भएमा निजले मौखिकरूपमा पनि सार्वजनिक निकायसमक्ष सूचना माग गर्न सक्नेछ ।

(२) कसैले उपनियम (१) बमोजिम मौखिकरूपमा सूचना माग गरेमा सम्बन्धित सूचना अधिकारीले निजतको कुरा निवेदनको रूपमा लेखी सो व्यहोरा निजलाई सुनाइ त्यस्तो निवेदनमा निजको सहीछाप गराइराख्नु पर्नेछ ।

## ६. मूल नियमावलीको नियम ५ मा संशोधन :

मूल नियमावलीको नियम-५ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ :

(६) उपनियम (५) बमोजिम पुनरावेदन दरपीठ गरेको जानकारी सचिवले आयोग र सम्बन्धित पुनरावेदकलाई दिनुपर्नेछ ।

## ७. मूल नियमावलीमा नियम–५क थप :

मूल नियमावलीमा नियम ५ पछि देहायको नियम ५क थपिएको छ :-

(५क) उजुरी दिन सक्ने :

(१) सूचना अधिकारीले सूचना माग गर्ने व्यक्तिको सूचना मागको निवेदन दर्ता नगरेको, माग गरे बमोजिमको सूचना नदिएको वा गलत सूचना दिएको विषयमा चित्त नबुझ्ने व्यक्तिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना मागको निवेदन दर्ता नगरेको, माग गरे बमोजिम सूचना नदिएको वा लगत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सात दिनभित्र सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रमुखसमक्ष उजुरी दिँदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारबाही नभएमा सो म्याद नाघेको पन्ध्र दिनभित्र आयोगसमक्ष निवेदन दिन सकिनेछ ।

## ८. मूल नियमावलीको नियम–६ मा संशोधन :

मूल नियमावलीको नियम-६ को सट्टा देहायको नियम-६ राखिएको छ :

पुनरावेदन, उजुरी तथा निवेदन उपरको कारबाही, निर्णय र कार्यान्वयन :

(१) आयोगले पुनरावेदन, उजुरी वा निवेदनको कारबाही र किनारा गर्दा पुनरावेदक, उजुरीकर्ता वा निवेदकको माग दाबी, निजले पेस गरेको प्रमाण तथा अन्य सम्बद्ध प्रमाणको मूल्याङ्कनको आधारमा गर्नुपर्नेछ ।

(२) आयोगले पुनरावेदक, उजुरीकर्ता वा निवेदकको मागबमोजिम सार्वजनिक निकायको प्रमुखको नाममा कुनै आदेश जारी गर्दा वा पुनरावेदन, उजुरी वा निवेदन खारेज गर्दा आधार र कारण खुलाउनु पर्नेछ ।

(३) आयोगले आफूसमक्ष पर्न आएको पुनरावेदन, उजुरी वा निवेदनउपर सुनुवाइ गर्दा आवश्यकताअनुसार पक्ष-विपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानुन व्यवसायीको उपस्थितिमा गर्न सक्नेछ ।

(४) आयोगले आफूसमक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र र उजुरी वा निवेदनका सम्बन्धमा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक पैंतालीस दिनभित्र किनारा लगाउनु पर्नेछ ।

(५) सचिवले आयोगबाट भएका आदेश वा निर्णय कार्यान्वयन गर्दा सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम आयोगको आदेश वा निर्णय कार्यान्वयनको लागि लेखी आएमा सम्बन्धित पदाधिकारीले एक महिनाभित्रै सो आदेश वा निर्णयको कार्यान्वयन गरी वा गराइ सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(७) आयोगले ऐनबमोजिम गरेको जरिवाना असुल उपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

## ९. मूल नियमावलीको नियम–८ मा संशोधन :

मूल नियमावलीको नियम-८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :

“तर उजुरी वा निवेदकको प्रारम्भिक कारबाही एकजना सूचना आयुक्तले गर्न सक्नेछ ।”

**१०. मूल नियमावलीको नियम–२१ मा संशोधन :**

मूल नियमावलीको नियम-२१ को खण्ड (झ) मा रहेको ''आयोगले" भन्ने शब्दको सट्टा "आयोगबाट प्रत्यायोजित वा" भन्ने शब्दहरू राखिएका छन्

**११. मूल नियमावलीको नियम–२२ मा संशोधन :**

मूल नियमावलीको नियम-२२ को उपनियम (१) मा रहेका "नियम-५ को उपनियम (५) बमोजिम" भन्ने शब्दहरू झिकिएका छन् ।

**१२. मूल नियमावलीमा नियम–२४क, २४ख, २४ग र २४घ थप :**

मूल नियमावलीको नियम-२४ पछि देहायका नियम २४क, २४ख, २४ग र २४घ थपिएका छन् :

२४क. सूचना अधिकारी तोक्ने : सार्वजनिक निकायले ऐनको दफा-६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोस्रो वा तेस्रो मुनीको अधिकारीलाई तोक्नु पर्नेछ ।

२४ख. सम्बन्धित विशेषज्ञ तोक्नुपर्ने : ऐनको दफा-२७ को उपदफा (१) को खण्ड (ग) बमोजिम समितिमा विशेषज्ञ सदस्य तोक्दा विषयवस्तुसँग सम्बन्धित विज्ञलाई तोक्नु पर्नेछ ।

२४ग. सूचना वर्गीकरण गर्दा आधार र कारण खुलाउनु पर्नेछ :

(१) समितिले ऐनको दफा-२७ बमोजिम कुनै सूचना गोप्य राख्नुपर्ने गरी वर्गीकरण गर्दा त्यसको कारण र आधार खुलाउनु पर्नेछ ।

(२) समितिले ऐनको दफा-२७ बमोजिम सूचनाको वर्गीकरण गरेपछि त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

२४घ. आचार संहिता बनाई लागू गर्न सक्ने : आयोगमा कार्यरत कर्मचारीहरूको पदीय आचारसंहिता बनाइ आयोगले लागू गर्न सक्नेछ ।

**१३. मूल नियमावलीको नियम २५ मा संशोधन :**

मूल नियमावलीको नियम-२५ को (१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :

(१क) नेपाल सरकारले सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्नका लागि आयोगसँग परामर्श गरी आवश्यक निर्देशिक बनाइ जारी गर्न सक्नेछ ।

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) वा (१क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

# सन्दर्भसामाग्री


## नेपाली

अर्याल, टङ्कराज र नयनबहादुर खड्का। २०६७। *सूचनाको हक : तालिम स्रोत पुस्तक*। काठमाडौँ, सूचनाको हकका लागि नागरिक अभियान।

अर्याल, टङ्कराज सं.। २०६७। *सूचनाको हक विषयगत प्रयोग*। काठमाडौँ, सूचनाको हकका लागि नागरिक अभियान।

अर्याल, टङ्कराज र अरु। २०७०। *खोज पत्रकारितामा सूचनाको हक सम्बन्धी कानुनको प्रयोग : हाते पुस्तक*। काठमाडौँ, सूचनाको हकका लागि नागरिक अभियान।

खड्का, केदार र चीरञ्जीवी भट्टराई। २०६५। *सामाजिक जवाफदेहिताका २१ संयन्त्र*। काठमाडौँ, सामाजिक जवाफदेहिता सम्बन्धी कार्यक्रम, विश्व बैक।

दाहाल, काशीराज र सुरेश प्रसाद आर्चाय। २०६८। *सूचनाको हक : अन्र्तराष्ट्रिय मान्यता र नेपालको अभ्यास*। काठमाडौँ, मिरेष्ट नेपाल।

दाहाल, तारानाथ र भिमार्जुन आर्चाय। २०६५। *पत्रकारिता नीति तथा कानुन*। काठमाडौँ, फ्रिडम फोरम।

*नेपालमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र परिवर्तनको कार्यसूची*। सन् २००८। काठमाडौँ, आर्टिकल १९, फ्रिडम फोरम, नेपाल पत्रकार महासंघ।

सिग्देल, सन्तोष र तारानाथ दाहाल।२०६७। *सूचनाको हक (हाते पुस्तिका)*। काठमाडौ, सूचनाको हकका लागि नागरिक अभियान।

वार्षिक प्रतिवेदनरू। २०६७, २०६८, २०६९। काठमाडौँ, राष्ट्रिय सूचना आयोग।

## अंग्रजी

Aryal, Tanka Raj (Ed.), 2012. *Right to Information Application Tracking Survey Report*. Kathmandu, Citizens' Campaign for Right to Information.

*Empowering Citizens through Right to Information: Success Stories from Nepal*, August 2013, Kathmandu, Freedom Forum

*Integrated or Isolated? How state and non-state justice systems work for justice in Nepal*, A District Assessment Report, May 2012, Kathmandu, EU, FWLD, International Alert, LACC.

Mendel, Toby. 2008. *Freedom of Information: A Comparative Legal Survey*, Paris, UNESCO

*National Level Essay Competition on Right to Information: A compilation of Top Ten Essays with RTI Act 2007*, 2013, Kathmandu. Citizens' Campaign for Right to Information.

*Significant Example of RTI Application Facilitated by RTI Centre*. December 2013, Kathmandu, Citizens' Campaign for Right to Information

*Speaking Out for Free Expression 1987-2007 and beyond*, July 2008, London, ARTICLE 19

*Disistrict Assement Report. August 3013. Integrated or Isolated? How state and non-state justice systems work for justice in Nepal*. EU, FWLD, International Alert, LACC.

Freedom Forum. August 2013. Empowering Citizens through Right to Information: Success Stories from Nepal.

*Speaking Out for Free Expression 1987-2007 and beyond*, July 2008, London, ARTICLE 19

## वेभसाइट

www.ccrinepal.org
www.nic.gov.np
www.freedomfroum.org.np
www.right2info.org
www.article19.org
www.fnjnepal.org
www.freedominfo.org
www.sartian.org

ISBN 993784467- 3